The personage who entered the scene with such a dismal exploit was destined to the trajedies of the palace. His father, Bala Narasimha had assisted at one time to the murder of Ran Bahadur and had slain the murderer with his own hands, who was the brother of the king. Grand-nephew of Bhim Sen he had obtained a high position at an early date; but tired of the barracks he had deserted, crossed the Kali, visited the provinces of the Company and thought of enrolling himself under Ranjit Singh; brought back to Nepal by his parents he obtained his pardon. Soon the fall of Bhim Sen compelled him to hide; he travelled over Nepal as a discreet observer, initiating himself in the practices customs and languages of all the races exercising his body muscles with the severest of toils. Reaching Kathmandu he shows himself in most brilliant fashion; an elephant who had run amok caused havoc in the town and nobody dares to stop it. Jang slips from a roof on to the back of the animal, throws a cloth over its eyes blinding it and masters it. The darbar offers him a dress of honour and a sum of money which he refuses; he joins the army as a captain, is employed on a secret mission with the rajah of Benares is arrested by the British who bring him back to the frontier. He has already envious persons who strive to ruin him; he baffles then with his audacity. Numerous instances are given. One day whilst he was crossing on horse-back a furious torrent on a bridge of two planks at a giddy height above the abyss the princely heir calls him back. Without hesitating he forces his riding animal to turn round by an audacious leap and rejoins the bank. Another day in order to escape the ferocity of the same prince, he throws himself into a well, holds on till night time; when his friends come to pull him out, his nails are completely worn through hanging to the bricks of the sides. When Matabar Singh once again in favour returned from India, Jang was the first to welcome the return of the new favourite. In selecting him as the instrument for the crime, the queen had judged him well; he was a man daring enough for anything. She found it later to her costs.

After the murder. Jang Bahadur nominated as general with the command of three regiments was entrusted with the ministry temporarily then he ceded his place to the Chauntria Fateh Jang and remained outside the new cabinet; but the three regiments he commanded guaranteed his influence. The real power belonged general Gagana Simha ancient servant of the harem becomes the lover of the queen. The king threatened with being sacrificed to this adulterous love, hired the services of a bandit of profession who slew with a rifle shot Gadana Simha, whilst he was praying in his room (September 1846).

Mad with sorrow at the news the queen seized in her hands the royal sword, the emblem of supreme authority which the king had authorised her to carry since January 1843; she orders the trumpeters to summon the soldiers and assembles all officials of the State civil and military. The king, embarrassed, aboids the affair under the pretext of the Residence. The nobles hasten to assemble without taking the precaution of arming themselves. "Who among you has killed my faithful friend ?" Shouts to them the queen; she rushes at one of the Panres whom she suspects of the crime and wishes to kill him with her own hands. She is held. She esca-

pes, rushed towards the staircase that leads to the higher storey where lay her apartment; three of the ministers follow behind herm when figle shotfired from apparently nowhere, stretch them dead on the floor. In falling Abhimana simha throws himself on one of the brothers of Jang and staircase and strikes him with his sword; he is about to strike another when Jang appears on the staircase and strikes him dead with a gun shot. In the darkness of the hall and the corridors, dimly lighted by the light of night-lamp a murderous duel takes place blindly between the partisans of Jang rallied around him and his adversaries; they hit, they throttle, they massacre without knowing the victims. Outside the regiments of Jang guard the exits; their knives slay mercilessly the enemies or those held in suspicion who hope to find safely in flight. The queen from a window exites them to avenge her. The king, who comes back from the Residence is horrified by the streams of blood which flow from the palace and flees towards Patan to reach Benares; he is brought back in spite of himself The queen gives the order to expel the women and children of all those she had had slain and to hold under close surveillance the heir and his brother.

Jang, in appearance decile to order, places near the two princes, guardians entrusted in reality to defend them against the furies of the queen. Deceived the queen organises a new plot against Jang this time. But advised in time, the minister forestalls her, captures and executes the conspirers who belonged to the clan of the Bashniats; he appears before the king and heir-apparent, declares to them that the safety of the State depended on the removal of the queen finding herself vanquished becomes submissive; she succeeds however in dragging with her, the idiotic husband. The princely heir is entrusted with the regency and Jang of the offices of prime-minister.

The royal couple sheltered in Benares, intrigue with all those discontented and the exiles of Nepal who make a gathering place of the holy city the queen publicly shows the scandal of her adulterous loves. The unhappy king Rajendra Vikram Sah deceived by everybody takes the route to Nepal on the faith of lying reports that assure him of an upheaval; very near at hand and in his favour The small bank that formed his cortege is scattered by the first attack and the king entered his capital as a prisoner (1847). He is deposed without a word being raised in his favour and the princely heir Surendra Vikrama Sah ascends the throne.

The policy of Jang tends from then to conciliate itself to the favour of the English perhaps with the view of an eventuality that his ambition and his talents permit him to look upon. In 1848, he offers the Government of India the help of the Gurkha troops to reduce the last defenders of the Sikh independence; he is politely refused. In 1850, after long negotiations, he leaves for England as the chief of a mission entrusted "to carry to the queen the respects of the king and the assurances of his friendship; to see the greatness and the prosperity of the country and the state of the people, to examine to what extent the application of arts and sciences is useful to the comfort and the commodity of life." Indeed he hopes to double his prestige in Nepal by his relation with the powerful nations of Europe, to gain by his allurement the English government to

his personal interests; he wishes also as a man of positive state to exactly understand those mysterious masters of India who make the people feel their might without showing themselves. In London, in Paris, whether he proceeds afterwards he is the lion of the season; the strangeness of his constume, the wealth of his attire, the legends published by the press, the prestige of a country that remains impenetrable singles him out for attention; Balls feast and representations are given to him. In Paris the minister of foreign affairs pays him a visit; he is officially led to the Louvre Museum; he gives a diamond bracelet to the Cerito who has dazzled him by her pirouettes in the latest farhion ballet. The devil's violin. Strange rumours are spread on the cookery of the embassy, who prepares his meals in a corner of the hotel Sinet. Returning to India in January 1851, Jang and his companions (Jagat Shamsher, and Dhir Shamsher, his two brothers, the officers, a doctor, a painter, two cooks and servants) stop at Benares to accomplish at great costs on the banks of the Ganges the ceremonies of purification imposed on every Hindu who goes out of the country; the grand-priest of the Gurkhas the Rajya guru comes himself to preside to these rites in order to dissipate all preventions.

The precautions were not superflous; ten days after the return of Jang in Nepal, a conspiracy breaks out. It has for chiefs a brother of Jang and the eldest of his cousins; these avengers of the Brahmanic purity declare that Jang has irremediably lost his caste by eating and drinking with foreigners, the brother of the king entered the conspiracy. Jang's good fortune serves him in good stead once again; informed in time, he captures the culprits but refuses to pass sentence of death on them or blind them for life which the king wishes to impose as punishement; as an advised politician, he is satisfied in handing over the prisoners to the Government of India who accepts to retain them in a fortress to spare them a more drastic penalty. Since then Jang is all powerful; he marries his sons and daughters with the daugthers and sons of the king.

The insolences and violences committed on the Tibetan territory against the Nepalese ambassadors sent to Peking was the cause of another war between Tibet and Nepal in 1854. In spite of the great efforts accomplished by Nepal, the hostilities are prolonged for more than two years without any marked advantage, for ever interrupted by the insurmountable difficulties of a diabolical region where the snow storms the avalanches, the precipices, the barreness of the soil defy the bravest of men. The passes of Kuti and Kiron at first occupied by the Gurkhas are lost, then retaken. Dhir Shamsher, younger brother of Jang and father of the present maharaja saves the honour of Nepal by his untiring energy; the Tebetans terror-stricken in seeing him appear everywhere called him the "flying Kaji." On the 25th March 1856, Tibet ends in signing the peace treaty; the Gurkhas evacuate the territories they had occupied, but in return Tibet pays Nepal an annual indemnity of Rs. 10,000. She renounces to gather the customs duties on Nepalese good; she authorizes Nepal to entertain at Lhasa a resident entrusted with defending of the Nepalese merchants.

In August 1856. Jang feigns to unexpectedly renounce to the power, passes the Ministry to his brother Ran Bahadur and

wishes to be satisfied with a king of secret dictatorship. The king on this occasion confers on him the title of Maharaja for himself and his heirs and cedes to him all the sovereign rights of the two principalities of Kashki and of Lamjang in the ancient territories of the twenty four royalities. The office of prime minister is to be perpetually transmitted in his family, to his brothers at first, and to his sons afterwards. Lastly Jang must exercise a power of absolute control on the relations of Nepal with Great Britain and China.

England refuses to abide by this combination which would impose a third party between her and the king the only authority officially recognized outside. Jang retakes the power in 1857 during the mutiny of the sepoys; when Hindustan was anxious to know if she was about to change masters; Jang offers on several occasions to join the British troops to quell the rebellion. England who is relunctant to have a saviour awaits till the recapture of Delhi, and the relief of Lucknow to accept the cooperation of the Gurkhas. Jang at first sends three thousand men, then he leads in person 8000 men. To recompense these services, England restitutes to Nepal by the treaty of 1860 (1st November) that portion of the Terai limited by the country of Oudh which had been taken away from her by the treaty of Segowlie. Jang however does not believe in becoming infeofled to Britain. In order to show his independence and to provide for the future he discreetly opens Nepal to the vanquished. The famous chief of the rebellion Nana Sahib with about fifty of his principal lieutenants find a complaisant shelter in the inextricable Terai where he disappears carried away be fever or perhaps welcomed in Nepal. Nepal extends an official hospitality to the wives of Nana Sahib and to the Begaum of Lucknow.

Jang Bahadur created a G. C- B. died in 1878, either from fever or from the effect of wounds received in fighting a tiger, Jang had in fact retained the passion for wild-game hunting; he loved to chase them and to bring them to bay himself without any other weapon than the Nepalese knife. Thess dangerous distraction pleased his indomitable courage, his infallible presence of mind, his intimate knowledge of nature and of human being. He willingly gave the spectacle of his vigour and sang-froid by his struggles with the tiger, or the leopard to spare himself the trouble to tame them more often against his rivals, at the expenses of humanity. After beginning with the murder of an uncle and gained power by a frightful massacre, Jang had the honour of revising and softening the ferocious severity of the Gurkha code and customs; he abolished capital punishment for all crimes, he reserved the mutilation employed till then without scruple to the chastisment of the rarest of faults; he even discreetly attempted to restrain the suicides more or less voluntary of the windows on the conjugal pyre.

At his death Ranodipa Simha his brother, became prime minister while waiting for his eldest son, to be old enough to accept the charge. In 1881 king Surendra Vikrama Sah died after thirty-four years of purely nominal reign. His grandd son Prithivi Vira Sah born in 1875 ascended the throne which he occupies even to-day.

On the 22nd November 1885 a new family tragedy brought to power the nephews of Jang Bahadur, the sons of his brother Dhir Shamsher. Ranodipa Simha was assassinated; of the sons of Jang, some underwent the same fate, others disappeared in exile. Vira Cama Sher (Bir Sham Sher)

Jang Rana Bahadur become prime minister. He had to frustrate at first a plot of his younger brother Khadga Cama Sher (Kharga Sham Sher) whose only punishment was deportation to Palpa as governor of the district (1886); then a bold stroke organised by a son of Jang Bahadur, Rana Vira (Ranbir) Jang (1888); lastly a new conspiracy directed against his life in 1888. He repeated an exploit of his uncle Jang. He rode to Kathmandu on horseback without unbridling and punished the culprits to death. In the administration of the affairs he also showed himself the worthy follower of Jang; he has by means of a reservoir that he built, supplied Kathmandu with drinkable and whole-some water; he erected a hospital, great school (Durbar School), founded a collection of manuscripts without rival for the importance and antiquity of the texts. The "Indianists" cannot forget that science owes to his enlightened good-will the first archaeological reconnoitring of the Nepalese Terai so rich in brilliant discoveries (pillars of Acoka, site of Kapilvastu); in short those who have had the privilege of being admitted in Nepal in the name of his government can attest to his height of mind, breadth of views and his precise and clear conceptions of scientfic questions. Maharaja Bir Sham Sher Jang Bahadur has been carried away by a sudden death on the 5th of March 1901. His brother Deva Cama Sher (Deb Sham Sher) Jang Bahadur who exercised the functions of commander-in-chi-of, called to ascend the throne, was obliged to abandon it almost immediately (May 1901), He has been replaced by one of his brothers, the maharaja Candra Cama Sher (Chander Sham Sher) Jang Rana Bahadur, who carries the titles of "Maharaja", a Prime Minister and Marshall of Nepal.

(End of History of Nepal Vol. II)

गनगाईं जाति

—भूपहरि पौड़ेल

१.१ पृष्ठभूमि

वि. सं. २०४० साल माघ २ गते सोमबारको कुरा हो । म मन्थलीका ऐतिहासिक कागजपत्र र मानीहरूको भाषा अनुसन्धान गर्ने सन्दर्भमा मन्थली गएको थिएँ । यस प्रसंगमा सबैभन्दा पहिले शङ्करप्रसाद सत्याल, माधवप्रसाद घिमिरे र केशव सत्याललाई भेट्नु अत्यावश्यक थियो । कुराको प्रसङ्गमा केशव सत्यालको मुखबाट निस्क्यो–

"मैले गनगाईं जाति संगसंगै बसेर, एकै ठाउँमा काम गरेर पाँच वर्ष बिताएको छु । यस सम्बन्धमा मलाई के कति कुरा हेक्का रहेछन् तपाईं प्रश्न बनाएर ल्याउनुहोस् म तिनको उत्तर दिने प्रयास गर्दछु ।"

मैले यस कुरालाई स्वीकार नगर्ने त कुरै थिएन । तर गनगाईं जातिको बारेमा अनुसन्धान गर्ने योजना मैले बनाएको थिइन । यो अकस्मात् आइपरेको हो । त्यही दिन घरमा गएर बेलुका प्रश्न या बुँदा तयार पारें । माघ ३ गते मैले त्याएका बुँदाहरू केशव सत्याल्जीलाई दिएँ । ७ गते शनिबार र ८ गते आइतबार संगै बसेर म लेख्ने र केशवजी भन्ने गरेर गनगाईंका बारेमा जे जति भएका सामग्री सङ्कलन गरियो । यहाँ तिनै सामग्रीलाई सिलसिला मिलाएर लेख्न खोजिएको छ ।

अर्को कुरा, गनगाईं जातिका बारेमा अनुसन्धान गर्नुपर्ने कुरा यत्तिमै सकिए भन्ने कुराको दावी कहिल्यै गरिने छैन । किनभने कुनै पनि विषयमा हजारौं पुस्तकका ठेली लेखिए पनि त्यसमा पूर्णता प्राप्त भएको हुँदैन भने यो त एउटा सानो लेखको आकार मात्र हो । जे जस्ता सामग्री भए पनि आफूसित भए जति प्रचार–प्रसार गरेको पक्षमा सम्बन्धित विषयमा रुचि राख्नेहरूले सत्य र असत्य के हो ? छुट्याएर निर्क्यौल गर्न सक्छन् । यसै उद्देश्यबाट प्रेरित भएर प्रस्तुत लेख लेख्न खोजिएको हो । यसको सम्पूर्ण श्रेय केशव सत्याललाई जान्छ । किनभने मैले त केशवजीले खोजेका कुरालाई लेखको आकार दिएको मात्र हुँ ।

२.१ गनगाईं जातिको उत्पत्ति

गनगाईं जातिको उत्पत्ति कसरी भयो ? यसको वंशावली कति पुरानो छ र कहाँ छ ? आदि तथ्य कुराहरू अहिलेसम्म अज्ञात गर्भभित्रै लुकेर बसेको देखिन्छ । बूढापाकाको भनाइ अनुसार (गनगाईंकै) यस जातिको आदिम थलो भारत हो । गनगाईंहरू एक किसिमका राजपूत क्षेत्री भएको कुरा अनुमान गर्न सकिन्छ ।

फेरि, गनगाईं परिवारकै अनुभवी बूढापाकाहरू "हामी त गणपत क्षेत्री हौं" भन्ने दावी गर्छन् । जातीय अर्थपट्टि घोरिंदा बरू यस किसिमको तर्कले सत्यको नजीक पुऱ्याए जस्तो लाग्छ । किनभने 'गणपति'

शब्दको अर्थ कुनै पनि पल्टनका गण (समूह) का अधिपति (मालिक) भन्ने हुन्छ। कुनै समयमा एउटा कुनै मानिस भारतवर्षमा पल्टनको मालिक नियुक्त भयो होला। त्यसलाई सबैले 'गणपति' त भन्ने नै भए। गणपतिको इकार लोप भएर 'गणपत भयो। गणपत शब्द जनजिब्रोमा अपभ्रंश हुँदै जाँदा 'गनगाई" भएको अड्कल गर्न सकिन्छ।

कसै कसैले भारतको गङ्गा नदीको आसपासमा बसोबास गरेको जाति भएको हुँदा गनगाई भएको हो भन्ने कुराको पनि तर्क गरेका छन्। गनगाई आफूलाई गणपत क्षेत्री हुँ भन्ने कुराको दावी गर्छ तर आफू जनै लाउँदैन। शायद यो जनै नलगाउने क्षेत्रीको गणनामा पर्छ।

२.२ बसोबासित क्षेत्र

क. एक रुपियाँको चामल पर्याप्त

पूर्वी नेपालमा दुई जिल्ला मोरङ्ग र झापा गहन बन, उब्जाउ धरती, औलको प्रकोप र विभिन्न आदिवासीको निवासस्थानको रूपमा सुचर्चित स्थान हो। केही दशक अगाडिसम्म उक्त दुवै जिल्लाको आबादी कम थियो र अति उब्जाउ भूमि भएर पनि औलको प्रकोपले गर्दा जनसंख्याको विस्तार सम्भव पनि थिएन। एक रुपियाँको चामल किनेको खण्डमा जीवनभरि खाएर त्यही चामलले किरिया खर्च पनि पुग्छ भन्ने उखान त्यतिखेर प्रचलित थियो। त्यसको तात्पर्य हो औलको प्रकोप यति चर्को थियो कि बाहिरबाट आएका व्यक्तिहरू एक रुपियाँको चामल खाई नमर्दै मरिहाल्दथे। अन्नको भाउ पनि त्यतिखेर रुपियाँ दुई रुपियाँ मन भय्यो भन्ने सुनिन्छ। वनको गहनता र औलको प्रकोप मोरङ्ग जिल्लामा झापामा बढी थियो। कृषियोग्य जमीन दुवै जिल्लामा प्रशस्त थिए तर कृषकहरूको संख्या सीमित भएकोले कतिपय उर्वरा भूमिले बाँझै रहनु पर्दथ्यो।

अझ विषम परिस्थितिमा औलरोग, जङ्गलको भयावहता, बाटोघाटो अभाव आदि विभिन्न अपठ्यारोहरू सहेर पनि यस धरतीसित सम्बन्धित भएर सङ्घर्ष गर्दै आएका जातिहरू हुन् यहाँका राजवंशी, सतार, थारु, मेचे, कोचे, धिमाल, गनगाई, ताजपुरिया, आदि। यस धरतीसित सम्बन्धित उक्त परिश्रमी जातिहरूको गणना हाल आदिवासीहरूको रूपमा गरिएको छ। समान परिस्थितिमा शदाब्दीयौंसम्म संगै रहेर अस्तित्वको लागि सङ्घर्ष गर्दै आएका उक्त जातिहरू कतिपय दृष्टिकोणबाट समान छन् तापनि गहिरिएर हेर्दा भाषा, रीतिरिवाज आदिले उक्त जातिहरूको बेग्लै अस्तित्वलाई चिनाउँदछन्।[1]

ख. "जता-जता कनकाई, त्यता-त्यता गनगाई"[2]

'जताजता कनकाई त्यता-त्यता गनगाई" यो प्रचलित उखानले गनगाई जातिको बसोबाससित क्षेत्र निर्योल गर्न सकिन्छ। खासगरी यिनीहरूको बसोबास मोरङ्ग र झापा जिल्लामा बढी पाइन्छ। भारतको गङ्गा नदीको छेउ-छाउमा यिनीहरूको थुप्रै संख्या भएको जानकारी पाइएको छ। भारतको सीमाना नजीक पनि गनगाई जातिको बसोबास छ। यिनीहरू विशेषगरी कनकाई भेगमै बस्न रुचाउँछन्।

३.१ पारिवारिक जीवन

गनगाई जातिमा पितृ प्रधान परिवार पाइन्छ। महिलाहरूको प्रायः कुनै पनि सैद्धान्तिक र व्यावहारिक काममा हैकम चलेको पाइएको छैन। त्यसैले अशिक्षा, अन्धविश्वासले गर्दा गनगाई महिलाहरूले जातीय समाजको अन्ध परम्पराबाट माथि उठेर नेपाली समाजमा आफूलाई चिह्नाउने मौका पाएका छैनन्। संक्षेपमा उल्लेख गर्दा यस जातिका महिलाहरू चार किलभित्र मात्र सीमित देखिन्छन्।

---

१. पीताम्बरा उपाध्याय, राजवंशी समुदाय– एक परिचय, प्रज्ञा, वर्ष १२, अङ्क १, पूर्णाङ्क ४३, पृष्ठ ५५–५६।

२. पूर्णप्रकाश नेपाल 'यात्री" बाट पाइएको उखान।

३.२ घरको निर्माण प्रक्रिया

झापा, मोरङ्ग सबैतको इलाका भएकाले प्रायः सामान्य किसिमका घरहरू बनाइन्छन् । सम्पन्न परिवारका मानिसहरू गतिला घर बनाउँछन् तर निम्नस्तरका मानिसहरूले साधारणभन्दा पनि एकदमै गएगुज्रेको झुप्रो बनाएर जीविका गर्नुपर्ने बाध्यता रहिआएको छ । गनगाईं जातिका घरहरूमा फुसका छाना हुन्छन् । त्यसमा टाटीबाट[3] को भित्तो बनाइएको हुन्छ ।

यसै जातिमध्ये अलिक हुनेखानेले सक्कै घर बनाएका हुन्छन् । तिनीहरूका घरहरू धेरैजसो दोमल्ला[4] हुन्छन् । त्यसमा कसैले टीन या जस्ताको छाना हाल्छन् भने कसैले खपडाको छाना हालेर गुजारा गरेको पाइन्छ । एक परिवारका मामूली तीनवटा घर हुन्छन् । पाहुनापाछा आउँदा बस्नको निम्ति एउटा छुट्टै घर बनाइएको हुन्छ, यो चाहिं बाहिर हुन्छ । आगन वरिपरि अरू घर हुन्छन् जसमा एउटा भान्साघर, एउटा देवता घर र अर्को सुत्ने घर हुन्छ । देवता घर भनेको एउटा मन्दिर बनाइएको हुन्छ, त्यसमा झण्डा गाडिन्छ, शिला हुँदैन, लिपपोत गर्छन् । यसरी गनगाईं जातिले तीनवटादेखि माथि आफ्नो औगात र आवश्यकता अनुसार जति पनि घर बनाउन सक्छन् । गानगाईंका घरमा कोठाचोटा बारेको हुँदैन । प्रायः एकछतसंग लहरै यिनीहरू सुत्छन् । सम्पन्न परिवार-मा बाहेक विपन्न परिवारका गनगाईंमा सिरक डस्नाको प्रबन्ध हुँदैन । त्यसैले उनीहरू खाइना थहरा तह लगाएर सिरक डस्नाको काम लिन्छन् ।

४.१ छोरा र छोरीको कार्य विभाजन

गनगाईं परिवारमा अझै पनि छोरीलाई पढाउनु पर्छ भन्ने कुराको चेतना जागी सकेको छैन । हुन त जातीय सर्वेक्षण गर्दा छोरा पनि अशिक्षक भुँवरीमा घुमिरहेका छन् । तर अन्य जातिको प्रभावले गर्दा फाट्टुफुट्ट गनगाईंका छोरा स्कूलमा जान थालेका छन् । त्यसैले छोरीको काम आमाले गर्नुपर्ने र गरिरहेको काम सघाउनु हो । छोराचाहिं बाबुको काममा मद्दत गर्छ ।

गनगाईं जातिको सबैभन्दा जम्काभेट हुने ठाउँ गाउँको मुख्य मानिसको घर हुन आउँछ । त्यसपछि स्थानीय हाट बजारमा पनि मालसामानको किनबेच गर्न जाँदा भेट हुन्छ । हाट बजार जानाना-मर्दाना घरको त्यस दिनको व्यावहारिक समस्या हेर्दिन जो पनि जान सक्छ । घरायसी काममा भने स्वास्नीमान्छे घरको सुसेधन्दा, जस्तो धिकी जाँतो पकाउनु, घरको वातावरण सुन्दर राख्नु आदि गर्छन् । लोग्नेमान्छे गाडा तान्ने (जोत्ने), खेत जोत्ने र बाहिर फेरको काममा व्यस्त रहन्छन् ।

५.१ खानपिन

खानपिनका हकमा गनगाईंहरू साधारण किसिमको खाना खान्छन् । अन्य जाति सरहको खाना बिहान बेलुका दालभात, तरकारी र अचार (चटनी) नै यिनीहरूको चलन-चल्तीको खाना हो । मुरी,[5] चूरा र पानीभात[6] खान्छन् । खाजामा दहि, चूरा आदि जेसुकै खाए पनि त्यसका साथमा नून र खोर्सानी हालेर मात्र खाने चलन गनगाईं जातिमा पाइन्छ । गनगाईंहरू दूध, दहि र भएसम्म भातमा घिऊ पनि हालेर खान्छन् । गनगाईं जाति मांसाहारीको रूपमा देखापर्छ । आफ्ले खानको निम्ति प्रायः माछापोखरी बनाएर घरमै पालिएको हुन्छ । यिनीहरूमा कुखुरा खाने चलन छैन ।

---

३. साधारण किसिमको बाँस ।

४. दुइतले ।

५. खाजाको लागि च्यूरा कुट्दछन् । धान भिजायो (पकाएर भिजाइन्छ), कुटेपछि (सुकेपछि) चामलमा परिणत भयो । त्यसमा नून हाल्यो, पानी छर्क्यो, भुट्यो, फूल उठ्छ- मुरी वा मुरही भयो । यसैमा च्यूरा, नून, खोर्सानी थालको छेउमा राखी तेल हालेर खान्छन् ।

६. गनगाईं जातिमा जतिसुकै गरीबका घरमा पनि कम्तीमा दुइजना पाहुनाको लागि बढो भात पकाइएको हुन्छ । पाहुना आए खान्छन् । पाहुना नआएमा त्यो भात पानीमा डुबाएर राख्छन् । भोलिपल्ट बिहान पानी फालेर त्यो भात खान्छन् । त्यसैलाई पानीभात भन्छन् । बेलुका पाहुना आएको खण्डमा भने प्रायः यसरी पानीभात खाने मौका मिल्दैन ।

हाँस भने खान्छन् । मासुको लागि यिनीहरूको हाँस, माछा र खसी नै मूल स्रोत हो । जनानाहरूले मादक पदार्थ सेवन गरेको पाइँदैन । तर मर्दानाहरू भने वर्तमान समयको फेसन (अचेल मादक पदार्थ सेवन गर्नु फेसन जस्तै भैसकेको छ) अनुसार रक्सी खान्छन् । जाँड र रक्सी खान्छन् । जाँड र रक्सी बनाउने चलन अहिलेसम्म देखिएको छैन । यिनीहरू आफूले बनाएर होइन, किनेर मादक पदार्थ सेवन गर्छन् ।

६.१ भेषभूषा

गनगाईहरू भारतीय संस्कृतिबाट प्रभावित भएका देखिन्छन् । लोग्नेमान्छे खासगरी कमिज-धोती अथवा कुर्ता-धोती, जुत्ता वा चप्पल लगाउँछन् । यिनीहरूमा टोपी लगाउने चलन देखिदैन । स्वास्नीमानिसले तरुनी भए ब्लाउज–सारी, बूढी भए चोलो–फरिया लगाउँछन् । अन्य नेपाली तर पहाडका स्वास्नी मान्छेले बाहिर–भित्र गर्दा लगाउने खालको पहाडकै सार्कीले सिएको काँचो छालाको बुच्चे जुत्ता लगाउँछन् । यस किसिमका जुत्ता गनगाई जातिका लोग्नेमान्छेले पनि लगाउँछन् ।

छोरी जब जवानीमा प्रवेश गर्न थाल्छे त्यस अवस्थामा तीन हाते कपडाको टुक्रा 'खड्की' नाम राखी लगाउन दिन्छन् । यसपछि क्रमशः 'साया' अनि 'सारी' पाउँछे । जातीय पोशाकको परम्परा यस्तो पाइए पनि आधुनिक संसारको हावाले छोइएका गनगाई जातिकै नवयुवकहरू शर्ट-पाइन्ट लगाउन थालेका छन् । पञ्चायती व्यवस्था प्रारम्भ भएपछि सम्पन्न परिवारमा राष्ट्रिय पोशाकको पनि व्यावहारिकीकरण भएको पाइन्छ ।

७.१ गनगाईमा अन्य जातिको प्रभाव

संसारको कुनै पनि कुनामा बसोबास गर्ने जातिमा छिमेकी जातिको प्रभाव स्वतः पर्छ । यसै क्रममा हाम्रा गनगाईमा पनि केही नेपाली जनजातिहरूको प्रभाव परेको देखिन्छ । यस जातिमा ग्वार[7], राजवंशी, यादव, सूढी[8], तेलीका साथसाथै ब्राह्मण वर्गको प्रभाव पनि प्रष्ट रूपमा परेको पाइन्छ ।

८.१ मान्यता र स्तर

गनगाई जातिलाई सामान्यतः क्षेत्रीको रूपमा स्वीकार गरिन्छ । अध्ययन गरेका केही मानिसहरू राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा उत्रेका छन् र प्रतिष्ठा कमाउनपनि सफल देखिन्छन् । अन्य गनगाई जातिहरू पिछडिएकै अवस्थामा पाइन्छन् । जुनसुकै क्षेत्रबाट होस् समाजमा उठ्न नसकेकाहरूलाई सामान्य नागरिकको रूपमा हेरिन्छ ।

९.१ आयस्रोत

गनगाई जातिको मुख्य पेशा खेती गर्नु नै रहेको छ । आफ्नो जमीनबाट धान, पात, गहूँ, खेसरी, चना, तोरी उत्पादन गर्छन् । यिनीहरू कोही प्रशस्त जग्गा हुनेहरू छन् त कोही भने आफूसित भएको जमीनबाट अन्न उत्पादन गरी एक वर्षसम्म खान नपुऱ्याउने छन् । जागीरे, व्यापारी र अन्य पेशामा लागेका गनगाईहरू कमै भेटिन्छन् । गनगाई जातिको अनुमानित प्रतिव्यक्ति उत्पादन यस किसिमको देखिन्छ ।

धान ४० मन } पाट २० मन } गहूँ १० मन } खेसरी ४ मन } चना २ मन }
तोरी ८ पसेरी } = ७६ मन ८ पसेरी ।

गनगाईहरू कुनै पनि आफूसित भएको कुरा पहिले सस्तो मोलमा बेचिहाल्दछन् । पछि आफूलाई आवश्यक परेको अवस्थामा भने महङ्गो मोलमा किन्छन । यो उनीहरूको परम्परागत बानी नै भैसकेको छ । वास्तवमा गहिरिएर विचार गर्ने हो भने यस किसिमको अमिल्दो परम्पराले उनीहरूलाई विगारेको पनि देखिन्छ ।

अन्य आयस्रोतमा– आफूसित भएको गाडा भाडामा लगाउँछन्– यसबाट औसत प्रतिदिन २५ रुपियाँ फाइदा हुन्छ । व्यापारीहरूको मालसामान ओसार-पसार गरेर पनि यिनीहरू आम्दानी गर्छन् । यस किसिमको आय चाहिं मालसामान लैजाने ठाउँको दूरी हेरेर ५ देखि १०० रुपियाँसम्म भएको देखिन्छ ।

---

७. यतगतिर ग्वालालाई 'ग्वार' भन्ने परम्परा प्रचलित भएको पाइन्छ ।

८. तराई भेगतिर सूढी भन्ने जाति पाइन्छ ।

जङ्गलबाट गाडामा दाउरा ल्याएर बेचेर पनि गनगाईंहरू आम्दानी गर्छन् । वास्तवमा यो पेशा निकै चल्ने देखिन्छ तापनि टाढाबाट दाउरा वा अन्य काठ ल्याउनु पर्दा निकै दिन लाग्छ । यसबाट उनीहरूको औसत प्रतिदिन प्रतिव्यक्ति आम्दानी १५ रुपियाँ देखिन्छ । यो बर्खामा चल्दैन, हिउँदमा मात्र चालू हुन्छ ।

अरू वनी गरेर गनगाईंहरू १६ भागको एक भाग ज्याला पाउँछन् । यसमा लाठे, केटाकेटी, स्वास्नी-मान्छे भन्ने कुराको सवाल हुँदैन । जस्तो–

१. १६ भुवा पात कुटेको खण्डमा १ खण्ड वनी गर्नेको हुन्छ ।

२. त्यसैगरी १६ मन धान कुट्ता १ मन पाउँछन् ।

गनगाईंहरू कुनै मानिसकहाँ वर्षभरि काम गरिदिने काममा पनि लाग्छन् । खासगरी जोत्ने काममा ठेगिएका हुन्छन् । यसरी ठेगिंदा पैसा लिए वार्षिक रु. ५००।– र अन्न लिए त्यही मोल बराबरको पाउँछन् । यसरी ठेगिंदा हरबखतै मालिककै घरमा बसेका पाइन्छन् ।

१०.१ भाँडाकुँडा

आफ्नो आर्थिक स्तर अनुसार गनगाईंहरू भाँडा-कुँडा प्रयोग गर्छन् । सम्पन्न आर्थिक अवस्था हुनेहरू झर्काका वा स्टीलका थाल, कचौरा, कसौंडी आदि प्रयोग गर्छन् । निम्न आर्थिक स्तर हुनेहरू सिलावरका भाँडा प्रयोग गर्छन् ।

११.१ सामल तयार कसरी गरिन्छ ?

च्यूरा, धान, ठूलो ओखलमा कुट्छन् । यसमा खासगरी घरका छोरी बुहारीहरू नै खटिएका हुन्छन् । यसमा एउटै मानिसले काम चल्छ । एक हातले मुसलले कुट्छन् अर्को हातले दाबिलाले धान लगाउँछन् । ढिकी जाँतोको प्रायः चलन देखिंदैन । मकै पिंध्न मीलमा लैजान्छन् । तेल पेल्न पनि मीलकै प्रयोग गर्छन् ।

१२.१ स्नान गर्ने तरीका

गनगाईं जातिमा दुई किसिमको स्नान गर्ने परम्परा पाइन्छ । पाहुनाको लागि स्नान र घरका परिवारको लागि स्नान । पाहुनालाई दिनको १२ बजेको समयमा (वरपर हुन पनि सक्छ) एउटा कचौरामा तेल राखिदिन्छन् । ऊ तेल लगाएर नुहाउँछ । घरका मानिसहरू बिहानको काम सकिएपछि मात्र नुहाउँछन् ।

गनगाईंहरू बिहान ब्युझ्क उठेर बाँस, नीमको दतिवन लगाउँछन्, मुख धुन्छन्,पानीभात खाजा खान्छन् । च्यूरामा मुरी नमिसिकन यिनीहरू खाँदैनन् । यसरी खाजा खाइसकेपछिघरका सबैजना आ-आफ्नो काममा जान्छन् । बिहानको काम सकिएर घर आएपछि लोग्नेमान्छे, स्वास्नी-मान्छे सबै नुहाउँछन्; ननुहाइकन भात खाँदैनन् । भात खाएर १–२ घण्टा आराम गर्छन् ।

१३.१ भोजनको क्रम

गनगाईं जातिमा भोजनको क्रम अचम्मलाग्दो देखिन्छ । पहिले दाल, भात, तरकारी थपी-थपी अघौंजी खाइसक्छन् । त्यसपछि मासु, बरी, दहिमध्ये जे–जे छ क्रमैसित ल्याउँछन् । उनीहरूको जातीय परम्परामा यो राम्रो चलन भए तापनि पाहुनाहरूका लागि भने यो उदेकलाग्दो कुरा हुन्छ ।

१४.१ गनगाईं जातिका वार्षिक चाडपर्व

गनगाईंहरूलाई हिन्दू धर्मावलम्बीकै रूपमा स्वीकार गरिएको छ । किनभने स्थान, वातावरण र जातीय परम्परा अनुसार केही भिन्न चालचलन पाइए पनि उनीहरूको व्यवहार हिन्दू परिवारकै समान देखिएको छ ।

१४.२ देवता

गनगाईं जातिले आफ्नो घरमा कुनै पनि देवी देवताको स्थापना गरेको हुँदैन र आराधना पूजा गर्ने चलन पनि छैन । गाउँको कुनै जङ्गलमा सार्वजनिक देवस्थल बनाएर पर्व-पर्वमा पूजा गर्छन् । यसरी टोल-टोलमै देवता स्थापना गरिएको हुन्छ । यिनीहरू खासगरी जङ्गली

जनावरलाई पूजा गर्छन् । बाघ, भालु आदि हिंस्रक जनावरहरूको पूजा र वनदेवी देवताको पूजा गर्नु यस जातिको प्रमुख विशेषता रहेको पाइन्छ ।

१४.३ दशैं

गनगाईंहरू दशैं साधारण किसिमले मनाउँछन् । मासु ल्याएर अथवा घरमै काटेर खान्छन् । टीकोटालो गर्ने, जमरा राख्ने परम्परा यस जातिको संस्कृतिमा पाइँदैन ।

१४.४ तिहार

तिहारमा पाँच दिनमध्ये भाइटीकाको दिन गनगाईंहरू विशेष उत्साह र उमंगकासाथ मनाउँछन् । अरू चारदिन यिनीहरू विशेष पर्वको रूपमा मनाउँदैनन् । टीकाको दिन दिदी–बहिनीले घरका आँगनको बीचमा रेखी हालेर भाइ–दाज्यूलाई टीका लगाई दिन्छन्, तेल मालिस गर्छन् । सौगातको रूपमा रोटी कपडाहरू दिन्छन् । बस् यत्तिमै गनगाईंको तिहार पर्व सिद्धिन्छ ।

१४.५ छैट

कार्तिक महीनामा कुनै एकदिन बिहानदेखि बेलुका सम्म भोकै बस्छन् । गंगाजीमा या पधेंरामा पाइला नाप्दै र साधारण तरीकाले पनि गएर स्नान गर्छन् । सूर्यलाई अर्घ दिन्छन् ; त्यसपछि सरासर घर आउँछन् । बेलुकीपख ठेउका (पीठाको चारपाटे खाने वस्तु) किसिमको खाना खान्छन् । यसमा गनगाईं जातिको ठूलो भोज हुन्छ ।

१४.६ फागु

गनगाईं जातिले मनाउने फागु पर्व पूरै भारतीय संस्कृतिबाट प्रभावित भएको देखिन्छ । फागु पूर्णिमाको दिन विशेष रूपमा घोट्टा बनाएर खान्छन् । अन्य खानेकुरामा मासु, च्यूरा, भात खान्छन् । रङ्ग खेल्छन्–फगुवा गाउँछन् । "बुरा नमानो होरी है ।" यसको लगत्तै पसिपल्ट हिलो खेल्छन् । यसरी गनगाईं जातिको होली पर्व सम्पन्न हुन्छ ।

१५.१ गनगाईं जातिका संस्कार

संस्कारले मानिसको जीवन पवित्र हुन्छ । जस्तो शारीरिक मयल पखाल्नको लागि स्नान गरिन्छ त्यसैगरी आध्यात्मिक, आधिभौतिक र आधिदैवीक आदि भित्र लुकेर रहेका सारा दोषहरू हटाउनको लागि हामीहरू संस्कार गर्छौं । आज भौतिक उन्नतिको बढ्दो चापले गर्दा मानवीय आध्यात्मिक र सांस्कृतिक संस्कारहरू लोप हुँदै गएका छन् र यसको फलस्वरूप आजको मान्छेमा सात्त्विक गुणको ह्रास भैरहेको छ ।

१५.२ जन्म संस्कार

गनगाईं जातिको न्वारान गर्ने चलन छैन । बाहुन घरमा आएर गहुँत दिनु पनि पर्दैन । बच्चा जन्मिएको ५–७ दिन भएपछि सुत्केरीले नुहाउँछन् । बस् यत्तिमै सुत्केरो चोखिन्छ । बालकको नामकरण संस्कार गरिंदैन । आफूखुशी नाम राखिन्छ । सूतक वार्ने चलन छैन । यसैगरी नछुने पनि वारिंदैन ।

न्वारान जस्तै पास्नी गर्ने चलन पनि छैन । साइत हेरेर बालक निश्चित महीनामा पुगेपछि भात खवाउने विधि पनि छैन ।

१५.३ चूडाकर्म

बालक पाँच वर्षको उमेरमा टेकेपछि छेवर कर्म गरिन्छ । बाजागाजा सहित (ढोलकी झ्याम्टा बजाएर) गीत गाउँदै बच्चालाई देवताको स्थानमा लगिन्छ । त्यसपछि हजामले छेवर गर्छ । दहि, च्यूरा खवाउँछन् । त्यसमा नून, खोर्सानी, चिनी हाल्नु त जातीय अनिवार्यता जस्तिकै हो । इष्टमित्रलाई पनि खवाउँछन् । यिनीहरू व्रतबन्ध गर्दैनन् र जनै पनि लगाउँदैनन् ।

१५.४ विवाह

जुनसुकै जातिको पनि विवाह जीवनकै महत्वपूर्ण संस्कार हो । किनभने दुइजना असमलैङ्गिक मानिसको मिलनबाट जीवनको पूर्णता प्राप्त हुन्छ । गनगाईं जातिले पनि विवाहलाई महत्वपूर्ण संस्कारको रूपमा स्वीकार गरेको पाइन्छ ।

गनगाई समाजको एउटा चल्तापूर्जा मानिस केटी माग्नको लागि जान्छ जसलाई वकील (लमी बनुञ्जेलसम्मका लागि मात्र) भनिन्छ। वकीलले केटो र उसको घर परिवार, जग्गा सम्बन्धी, नातागोता, इष्टमित्र सबै कुराको कहिरन केटीको बाबुसंग गर्छ। केटीको बाबुलाई वकीलको कुरा सुन्दा केटो मन पऱ्यो भने केटीका बाबुसहित अन्य ४–५ जना गाउँका इष्टमित्र 'घरदेख गर्ने' (घर हेर्ने) आउँछन्। उनीहरू केटाकै घरमा बस्छन्, खान्छन्। सामान्य रूपमा केटो हेर्छन्।

यसरी केटी पक्षका मानिस केटाका घरमा आउँदा सामान्यतः कुरो मिल्यो भने फेरि केटा पक्षका मानिस इष्टमित्र सहित केटीका घरमा जान्छन्। यसलाई 'देखासुनी' भन्छन्। यसबेला केटी हेर्छन्। केटी पक्षका गाउँका भद्रभलादमीहरूलाई बोलाइएको हुन्छ। केटातर्फका मानिस पनि त्यहीं बसेका हुन्छन्। दुवैतर्फका मानिस भेला भइसकेपछि केटी सिंगारेर निकालिन्छ। केटी आँगनमा आउँछे। केटीले हातमा पानीको लोहोटा लिइएको हुन्छ। साधारण किसिमले घुम्टो छोपिएको हुन्छ। केटी आँगनमा आएर सबैका सामु मुख देखाएर उभिन्छे। आँगनमा उभिएका मानिस 'तँ सोध कि तँ सोध' भन्ने कुराको मुखामुख गर्छन्। अन्तिममा त्यहाँ भए मध्येको बूढापाकालाई सबैले सोध्ने अधिकार दिएपछि उसले सोध्छ—

बूढो– नुनु ! हातमा कि छ ? (नानी हातमा के छ ?)
केटी– लोटा।
बूढो– लोटामा कि छ ?
केटी– पानी। (जल)

यसपछि समाजतर्फ फर्केर बूढो सोध्छ–

भेलै ? (भयो ?)। सबैले भयो भनेपछि केटी तर्फको देखासुनी सकिन्छ। केटीतर्फको देखासुनी सकिएपछि खसी काटी विशेष किसिमको भोज बनाई इष्टमित्र सहित खान्छन्।

यसैगरी केटातर्फ देखासुनी शुरू हुन्छ। केटी पक्षका र केटा पक्षका मानिस केटाका घरमा जम्मा हुन्छन्। केटो आँगनमा निस्कन्छ। केटाले कपालमा फेटा बाँधेको हुन्छ। त्यसैगरी कमिज र धोती पनि रंगाएरै लगाएको हुन्छ। केटाले सबैलाई गोडलागी गर्छ। अर्थात् आफ्नो हातले सबैको गोडा छुन्छ। यसरी छोइसकेपछि केटो सबैका सामु ठिङ्ग उभिन्छ। सबैका सल्लाह अनुसार त्यहाँ बसेको मानिसमध्ये सबैभन्दा बूढाले सोध्छ–

बूढो– 'नुनु ? नाम कि छ?'
केटो– मेरो नाम 'फलानो' भनेर बताउँछ। (अर्थात् रामबहादुर)
बूढो– दादाके नाम कि छ ? (हजुर्बाको नाम के हो ?)
केटो– फलानो (अर्थात् श्यामबहादुर)
बूढो– परदादाके नाम कि छ ? (बूढो हजुर्बाको नाम ?)
केटो– फलानो
बूढो– बापके नाम (बाबुको नाम)
केटो– फलानो

यसरी केटापट्टी पनि देखासुनी सकिन्छ। यहाँ पनि खसी काट्छन्। मासु, च्यूरा, दहिं सबैजना विशेष भोजको रूपमा खान्छन्।

यही देखासुनीमै विवाहको दिन निश्चित हुन्छ। लगनको मुहूर्त हुँदैन। दिन मात्र हुन्छ। कार्तिक, पुस, चैत्र र श्रावण महीनामा विवाह हुँदैन। निश्चित दिनमा वरियात जान्छ। अन्य जातिको जस्तो गनगाईं जातिको विवाहको वरियात दिउँसो घरमा पुग्दैन (केटीको घरमा)। केटाको घरबाट भने दिउँसै वरियात हिंड्छ। मध्यरातमा मात्र ब्यौह्लीको घरमा पुग्नुपर्ने उनीहरूको जातीय नियम हो।

हात्ती, गाडा, डोला (डोला भनेको बाक्सा जस्तो झाल्याङ कुर्टी डोली) मध्ये आफ्नो सावगासले जुन भ्याउँछ त्यसैमा ब्यौह्लो चढ्छ। ब्यौह्लालाई चिटिक्क पारेर सिंगारिएको हुन्छ। गनगाईं जातिमा ब्यौह्लाले छाता ओढ्ने चलन छैन। चमार बाजा बजाउने ६–७ जना हुन्छन्। वास्तविक रूपमा गहिरिएर विचार गर्ने हो भने कुनै लुटमार, चोरी, डकैतीको डरले वरियात दिउँसो ब्यौह्लीको घरमा नपुऱ्याएको हुनसक्छ। कसै-कसैले यसलाई जंगली विवाहको नामकरण गरेको पनि

पाइन्छ । यिनीहरूको साँस्कृतिक परम्परा अनुसार जग्गे हुँदैन । ध्वजा-पताकाले सिंगारी शुभ-विवाहको संकेत भने गरिएको हुन्छ । होम होमादि पनि गरिँदैन । वरियात व्यौह्लीका घरमा पुगेपछि भोजन गर्छन् । यसपछि व्यौह्लीतर्फका स्वास्नीमान्छेहरू 'सखिया गीत' गाउँदै व्यौह्लालाई खूबै गाली गर्छन् । यस्तै किसिमसंग रात छलंङ्गै बित्छ ।

बिहान उज्यालो भएपछि जूवामा व्यौह्लाव्यौह्ली बस्छन् । त्यसैको नजीक जूट पनि राखिएको हुन्छ । ब्राह्मणले "आब्रहम् ब्राह्मणो ब्रह्मवर्चसी जायताभाराष्ट्रे राजन्यः शूर इषव्यो तिव्याधी महारथो जायतां दोग्ध्री धेनुर्वोढा नट्वा नासः सप्तिः पुरन्धीर्ज्याषा जिष्णु रथेष्ठा सभेयो युवा इच षेजमानो---" यो वैदिक मन्त्र पढेर व्यौह्ला-व्यौह्लीलाई अभिषेक गरिदिन्छ । दुइटैलाई शुभाशीर्वाद दिन्छ ।

यस जातिमा गोडा धुने चलन भएको पाइँदैन । पोते पनि लगाउने चलन छैन । गहनाका हकमा व्यौह्लाले बाला लगेको हुन्छ । एकजोर लुगा हुन्छ । हातमा लगाउने चाँदीका बाला हुन्छन् । यसभन्दा अतिरिक्त अन्य कुनै विधि पाइँदैन । बिहान भोजनको सट्टा सामान्य चियापान मात्र हुन्छ ।

यति भइसकेपछि जन्ती व्यौह्ली लिएर व्यौह्लाको घर फर्कन्छन् । व्यौह्लीको माइती पक्षबाट लोकन्ती आउँछन् । लोकन्तीलाई सावगासले भ्याएसम्म खूब राम्ररी खान दिन्छन् । व्यौह्ला पक्षका स्वास्नीमान्छेहरूले 'सखिया' गीत गाएर व्यौह्ली पक्षकालाई खूबै गाली गर्छन् । लोकन्ती २-३ दिन जति बसेर फर्किन्छन् । यसरी गनगाई जातिको साँस्कृतिक परम्परा अनुसार वैवाहिक विधि समाप्त हुन्छ ।

१६.१ मृत्यु

मरणासन्न अवस्थामा पुगेपछि दशदान गर्ने चलन छैन । मृत्यु भइसकेपछि आफ्नै जग्गामा या सार्वजनिक डहरमा (सडक जस्तै खेतका अगल बगलको बीच भाग) पोलिन्छ । मृतकका छोरा भए मात्र कपाल खौरिन्छन्, अरूले पर्दैन । किरीया बस्दा छोपो गुल्नु पर्दैन । किरीया बस्ने मानिसले कपडाको धागो घाँटीमा लगाएको हुन्छ । कामको अन्तिम दिन भोज गर्छन् । सम्बन्धित व्यक्तिले बरखी वार्छन् । स्त्रीको शृङ्गारै नभएकाले पतिको मृत्युमा जाने त कुरै भएन । यसमा सामान्य स्थिति हुन्छ ।

श्राद्धका हकमा बाहुनले वैदिक मन्त्रको उच्चारण गरेर कुशपानी दिन्छ । सोह्रश्राद्धमा तर्पण दिन्छन् । बस् यहाँभन्दा अरू श्राद्धको विधान केही देखिदैन ।

गनगाई जातिको साँस्कृतिक परम्परा यही नै हो ।

नेपालमा मृत्युदण्ड उन्मूलन गर्ने सम्बन्धी वि. सं. १९९३ सालको अप्रकाशित सनद

—शेषराज सिवाकोटी

'नेपाल कानून परिचर्चा' को वर्ष ६ अङ्क ४ (पूर्णाङ्क २४) मा नेपालमा मृत्युदण्ड उन्मूलन गर्ने सम्बन्धमा प्रयोगात्मक रूपमा तत्कालीन प्रधानमन्त्री भीम शम्शेर राणाबाट वि. सं. १९८८ साल साउन ४ गते आइतबार जारी गरिएको सनदको पूर्ण उतार र त्यसको ऐतिहासिक परिचय प्रस्तुत गरिएको थियो।[1] अहिले यहाँ त्यसैको पूरकको रूपमा ५ वर्षको परीक्षणात्मक अध्ययनपछि वि. सं. १९९३ साल भदौ ११ गते बुधवार तत्कालीन प्रधानमन्त्री जुद्ध शम्शेर राणाबाट जारी भएको सनद रूक्का पत्रको पूर्ण उतार र त्यसको संक्षिप्त परिचय प्रस्तुत गरिँदैछ।

"राजकाज जङ्गि अैनले ज्यानकाटिनमा वाहेक अरू अैन अैनमा ज्यान लिनु भनी र काटना मार्नामा तजविज भनि लेखियाको समेतमा ज्यान नलिनु दामल गर्नु जारिका खतमा साधुले ज्यान काटन पाउने खतमा पनि ज्यान काटन पाउदैन अरू खतमा जुन सजाये रोजछ सो मात्र गर्न पाउछ ज्यान जाने खतमा दामल गर्नु परेको कलम कति पर्दो रहेछ साविकको लगत समेत देषीने गरी यो सनद दाखिल भएका वर्ष वर्ष दिनमा कौशल मार्फत जाहेर गर्नु भनी सनद गरी पठाई ५ वर्ष सम्मको नतिजा हेरि ५ वर्ष उप्रांत सबै ठाउ वाट आयाको फाट जाहेर गरी अैन बनाउना लाई हुकुं वक्से बमोजी गर्नु" भन्ने व्यहोराको वि. सं १९८८ साल साउन ४ गतेमा जारी गरिएको सनद बमोजिम मृत्युदण्ड हुने अपराधमा पनि जन्मकैद मात्र हुने भैरहेको र ५ वर्षको प्रयोगात्मक परीक्षणको रूपमा वि. सं. १९८८ साल साउन ४ गते सनद जारी गरिएको मितिले वि सं. १९९३ साल साउन ३ गते ५ वर्षको परीक्षण अवधि सिद्धिएको र १९८८ साल साउन ४ गते सनद जारी भएर गएपछि पनि सो बमोजिम जाहेर गर्नु पर्ने अदालत अमिनीहरूमा परेका मुद्दाहरूको ५ वर्षको बिबरण जाहेरी धेरै अड्डा अदालतले नपठाएको र पठाउनेले पनि आवश्यक विवरण नपठाएको र अपूर्ण बिबरण पठाएकोले निश्चित र तथ्यपूर्ण तथ्याङ्क नआएकोले र सनद जारी भएपछि अपराधको घटबढ र सनद जारी हुनु अघिका वर्षमा र यसपछिका वर्षमा अपराधको दर र स्थितिको तुलनात्मक अध्ययन गरी सही ठोस निष्कर्ष निक्लिन नसकी ऐन संशोधन गर्न अप्ठेरो परेकोले पुनः पहिलेको सनद बमोजिम ५ वर्षको परीक्षणात्मक अध्ययन गरेर मात्र ऐन संशोधन गर्ने गरी यो सनद जारी गरिएको देखिन्छ। अब चाहिं पठाउनु पर्ने साल सालको जाहेरी साल–साले जाहेर नगर्ने अड्डा अदालत अमिनीहरूका हाकिमहरूलाई यथोचित कारवाही गर्ने गरी पहिले जाहेरी बिबरण नपठाएकाले पनि शीघ्र पठाउनु पर्ने र पछिको जाहेरी बिबरण पनि यथासमयमै पठाउनु पर्ने; सो बमोजिम

१. शेषराज सिवाकोटी "नेपालमा मृत्युदण्ड उन्मूलन गर्ने सम्बन्धमा जारी भएको वि. सं. १९८८ सालको सनद" 'नेपाल कानून परिचर्चा' वर्ष ६, अङ्क ४, प्र. लि. वि. कानून अध्ययन संस्थान, २०३९ चैत्र, पृ. ६५–६८।

यथासमयमै आवश्यक बिबरण जाहेरी नपठाउने र तोकिएको रीत बमोजिम तथ्यपूर्ण बिबरण जाहेरी नपठाउने कार्यालयका कार्यालय प्रमुखलाई 'तजविज माफीक' कडा सजाय हुने व्यवस्था पनि यसमा गरिएको पाइन्छ।

यसरी राणा प्रधानमन्त्रीको इच्छानुसार शासन गरिने निरंकुश राणाशासन प्रणालीमा पनि कुनै कानून बनाउन र संशोधन गर्न प्रयोगमूलक, परीक्षणात्मक अध्ययन र तथ्याङ्क-हरूको तुलनात्मक र विश्लेषणात्मक अध्ययन गर्ने आधुनिक प्रजातान्त्रिक ढङ्गको वैज्ञानिक पद्धति अपनाइनुलाई राणा शासनकालको उल्लेखनीय कार्य मात्र सकिन्छ।

नेपालको कानूनी इतिहास र उत्तर राणाकालीन न्याय व्यवस्था र कानून पद्धतिको प्रामाणिक ऐतिहासिक अध्ययन अनुसन्धानको निमित्त निकै उपयोगी देखिएको ३२ अंगूल लम्बाई, १२ अंगूल चौडाईको नेपाली कागजमा ४६ हरफमा लिखित यस सनदको शुरूमा प्रधानमन्त्री जुद्ध शम्शेरको प्रशस्ति सहितको ठूलो छाप र छेउ छेउमा पद्म शम्शेर, मुरलीधर आदि नामका ४ साना छाप र पछाडिपट्टि बन्दगासमा २ छाप लागेका छन्। जाने अड्डाको नाम र महीना, गते र रोज पछि अर्के मसीले थपिएका छन्।

अधिराज्यका तत्कालीन सबै अड्डा अदालत अमिनीहरूमा यस व्यहोराको सनद जारी भएर गए अनुरूप वर्दिया राजापुर अमिनीमा जारी भएर गएको सनदबाट यो उतार यहाँ प्रस्तुत गरिएको हो।

स्वस्ति श्री मदति प्रचण्ड भुजदण्डे त्यादि ओजस्वी राजन्य प्रोज्ज्वल नेपाल तारा अती प्रबल गोरखा दक्षिण बाहु पृथुलाधिश श्री श्री श्री महाराज जुद्ध सम्शेर जङ्ग बहादुर राणा जी. सी. एल्. एच्. जी. सी. एल. जी. सी. एस., आई. जी. सी. एस्. एस्. एम. एल. जी. सी. आइथितेङ्ग पावटिङ्ग सुन चीयान् लुचुगान स्याङ्ग च्याङ्ग आनरेरी लेफ्टेन्या-ट जनरल वृटिश आर्मि आनरेरि कर्णेल अफ अलदी गोर्खा राइफल रेजिमेन्टस ईन्डीयान् आर्मि प्राइम्मिनिष्टर एण्ड सुपृम कम्याण्डर इनचिफ कस्ये रूक्का—

स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री सुप्रदिप्त मान्येवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण बाहु कम्याण्डर इनचिफ जनरल पद्म सम्शेर जङ्ग बहादुर राणा जी. बी. ई. के. सी. एस. आई. के. सी. आई. ई. नेपाल प्रताप वर्द्धक कस्ये पत्रम—

आग्ये. वर्दिया राजापुर अमीनीका हाकीं कारीन्दाहरू-के यथोचीत उपान्त राजकाज जङ्ग अैनले ज्यान काटिनमा बाहेक अरू अैन अैनमा ज्यान लिनु भनी र काटना मार्नामा तजविज भनि लेखियाको समेत मा ज्यान नलिनु दामल गर्नु जारिका खतमा साधुले ज्यान काटन पाउने खतमा पनि ज्यान काटन पाउदैन अरू खतमा जुन सजाये रोजछ सो मात्र गर्न पाउछ ज्यान जाने खतमा दामल गर्नु परेको कलम कति पर्दो रहेछ साविकको लगत समेत देषीने गरी यो सनद दाखिल भएका बर्ष बर्ष दिनमा कौशल मार्फत जाहेर गर्नु भनी सनद गरी पठाई ५ बर्ष सम्मको नतिजा हेरि ५ वर्ष उप्रान्त सबै ठाउ बाट आयाको फाट जाहेर गरी अैन बनाउना लाई हुकुं वक्से बमोजीं गर्नु भने समेत बेहोराको १९८८ साल श्रावण ४ गतेका सनद मुताबिक ज्यान जाने षतमा दामल हुने भएको ९३ साल श्रावण ३ गतेका दिन देखि ५ वर्ष भुक्तान भयेको सो सनद भै गयापछि सनद बमोजीं आउनु पर्ने ज्यान जाने खतमा दामल हुने अदालत अमिनीहरूमा परेको मुद्दाको ५ वर्षको पुरा जाहेरि धेरै अडाको आउदै नआयाको आया पठाये सम्मको जाहेरिमा पनि कुनै अडाले साल भरमा परेको मुद्दा सम्म लेखेको कुनै अडाले परेको मुद्दा नदेखाई साल भरमा ज्यान जाने खतमा दामल गर्ने गरी फैसला भए मुलतवी रहे झुट्टापोलन गरेको ठहरी छीनियाको मुद्दा सम्म मात्र लेखियाको देखियाको बाट साल भरमा ज्यान जाने खतमा दामल हुने किसिको मुद्दा साल सालमा यतिकै परेको रहेछ भनी येकिन हुन नशकने भयेकोले ज्यान जाने खतमा ज्यान नलि दामल गर्ने सनद भयेदेखि पछि कर्तव्य गरी ज्यान मार्यो भने मुद्दा परेको ज्यान जाने खतमा ज्यानै सजाये हुने भैरहेको वषतमा परेको भन्दा घटि बढि के रहेछ भनी विचार गर्ने नपायेको बेहोरा झिकाई आई रहेको ज्यान जाने षतमा दामल

गर्नें सनद नहुद अघि ८७ साल श्रावण ४ गते देखि ८८ साल श्रावण ३ गतेतक बर्ष १ मा कसुर साबित ठहरे ज्यान सजाये हुने अदालत अमिनिमा परेको मुद्दाको लगत समेत कौशल मार्फत हाम्रा हजुर्मा जाहेर भयो तसर्थ लेखिया बमोजीं सबै अडाको पुरा साल्को ठीक जाहेरि नआयेको बाट ज्यान सजाये हुने मुद्दा परेको घटिबढिको पष्ट येकिन हुन नशकेको हुनाले अब फेरि ५ वर्षको नतिजा बिचार गर्ना निमित्त ९३ साल श्रावण ४ गतेमा भैरहेका सनद बमोजीं गर्नें गराउने गरी वक्सेको छ ९३ साल श्रावण ४ गते देखि ५ वर्षलाई अघि ८८ साल श्रावण ४ गतेका सनद बमोजीं गर्नें गराउने र पठाउनु पर्नें साल सालको जाहेरि सालसालै जाहेर नगरी बस्ने हाकिहरूलाई अैन बमोजीं जरीवाना गरी योसनद नहुँदै अघिको जाहेरि पठाउनु पर्नें बाकि रहेका अडाले बाकि रहेका जति जम्मै सालको यो सनद पुगेका मितिले १५ पन्ध्र दिन भित्र र ९३ साल श्रावण ४ गतेका मिति देखि कालाई वर्ष दिं पुगेका मितिले ७ सात दिं भीत्र हरयक साल ५ पाच वर्ष सम्म अदालत अमीनीले जील्ला गौंडा गोस्वारा गढि द्वारा जाहेर गर्नु म्याद भित्र जाहेरि न आये जील्ला गौडा गोस्वारा गढि बाट पनी बाटाका म्याद नाघेका ७ दिन भीत्र जाहेरि नपठाउने हाकिलाई तरताकेता जरीवाना समेत जोगर्नु पर्नें गरी झिकाई सनद बमोजीं को रीत पुऱ्याई प्रष्ट खोली जाहेर गरे नगरेको समेत जाची दुरूस्त भैसकेपछि ३ ति दीं भीत्र कौशल मार्फत जाहेर गर्नु लेखिया बमोजोम साल सालको जाहेरी बर्ष दिन पुगेका मितिले ३५ पैंतिस दिन भित्र कौशलमा आई नपुगे जाहेरी नपठाउने अमीनी अदालत गौंडा गोस्वारा गढिका हाकिलाई हाम्रा तजविज माफीक सजाये हुनेछ भंने बेहोराको अदालत अमिनी गौडा गोस्वारा गढीका नाउमा सनद गरी पठाई दीनु भंने समेत बेहोराको येस कौशलका नाउमा १९९३ साल भाद्र ८ गते रोज १ मा खड्गनिसाना सनद गरी वक्सेको हुनाले सो बमोजीं गर्नु भंने बेहोराको बर्दीया राजापुर अमीनीका नाउमा सनद गरी बक्सनु (पठाउनु ?—शेष) पर्नें ठहराई कौशलका हाकि कारिन्दाहरूले हाम्रा हजुर्मा बिति पार्दा जाहेर भयो तसर्थ सो ठहरायाको हामिबाट पनि सदर गरी वक्सेको छ सो बमोजीं गर्नें काम गर इति सम्बत १९९३ साल भाद्र ११ गते रोज ४ शुभम्—

लिच्छविकालीन अप्रकाशित बुद्धमूर्ति

— शङ्करमान राजवंशी

बागमती अञ्चल प्रहरी कार्यालय काठमाडौंबाट बाह्रबिसे चेकपोष्टमा बरामद गरी श्री ५ को सरकार, पुरातत्त्व विभागको क्यूरियो जाँचपास शाखामा जाँच गराउन सं. २०४० माघ ५ गते ल्याइएका मूर्तिहरू-मध्येमा तामाको यो बुद्धमूर्ति हो । यो मूर्ति कमल माथि सिंहासनस्थित पद्मासन बाँधी वरदमुद्रामा छ । बुद्धले केवल चीबर मात्र पहिरेको छ । सिंहासनमुनि भक्त र भक्तिनीका मूर्ति छन् । सिंहासनको पाद पीठको बीचमा अभिलेखको एक भाग २ पंक्तिमा कुंदिएको छ । अर्को भाग सिंहासनको पादपीठको पछाडि २ पंक्तिमा कुंदिएको छ । अभिलेख उत्तर लिच्छवि लिपीमा छ । चित्र नं. १ मा बुद्धमूर्ति तथा चित्र नं. २ र ३ मा अभिलेखको छवि यसैसाथ प्रस्तुत गरिएको छ । उक्त छवि (फोटो) पुरातत्त्व विभागको फोटोग्राफी शाखाबाट दिइएको हो । उक्त शाखा-को सूक्ष्म छविकार श्री चिनियारत्न ताम्राकार हुनुहुन्छ । अभिलेखको पाठ यहाँ प्रस्तुत गरिन्छ ।

(१) ॐ देय धर्मो यं चित्र नं. २

(२) सुसुंदया कृतं

(१) तधासाकं माता मतं चित्र नं. ३

(२) तौ भगिनी भ्रातरम्

अनुवाद—

ॐ यो दत्त धर्म सुसुंदाले राखे

त्यसबेला साथमा बहिनी र भाइ थिए

यस अभिलेखबाट उत्तर लिच्छविकालमा धातु-को मूर्ति निर्माण गर्ने कला विकास भइसकेको थियो भन्ने देखिन्छ । यस्तै किसिमको तामाको मूर्ति सुर्खेत लाटि कोइली मन्दिरभित्र पनि थियो । जुन मूर्तिलाई स्थानीय मानिसहरूले पार्वतीको मूर्ति भन्ने गर्थे । वास्तवमा यो मूर्ति आर्यताराको मूर्ति हो । सो मूर्ति अलङ्कारले विभूषित भई ललितासनस्थित अभय र वरद मुद्रामा छ । शायद त्यसलाई लाटेश्वरसंगै हुनाले पार्वतीको मूर्ति भनेको हुनुपर्छ । सो मूर्तिको फोटो पनि यहाँ चित्र नं. ४ मा विचारार्थ दिइएको छ । सो फोटो ३४ सालको भ्रमणमा राष्ट्रिय अभिलेखालयको माइक्रो फिल्म शाखाका श्री बलराम चित्रकारबाट लिइ-राखेको हो । हाल सो मूर्ति लाटिकोइली मन्दिर भित्र छैन । सोधनी गर्दा चोरी भयो भन्ने कथन छ । प्रसंगवश यसलाई पनि यहाँ दिइएको हो । शायद त्यसको आसनमा पनि अभिलेख हुँदो हो । तर त्यसको फोटो लिइएको समयमा पनि आसन थिएन । संभवत: कुनै ठाउँको सो मूर्ति आसनबाट उठाएर त्यहाँ राखिएको हुन सक्तछ । कारण आसन हुनुपर्छ भन्ने कुरा दुइ भुजामा आसन अङ्काउने प्वालले स्पष्ट गर्दछ ।

(चि. सं. १) बान्हविसे चेकपोष्टबाट बरामद भएको अभिलेख सहितको उत्तरलिच्छविकालको बुद्धमूर्ति



(चि. सं. २) बुद्धमूर्तिको पादपीठको अगाडिको अभिलेख

(चि. सं. ३) बुद्धमूर्तिको पादपीठको पछाडिको अभिलेख

(चि. सं. ४) सुखेंत लाटिकोइलीस्थित हराएको मूर्ति

नेपालको धरहरा

— राजाराम सुवेदी

नेपाली बोलचालमा अग्लो घरलाई धररा, धलरा, धजरा, धलहरा, धजहरा, धहरा वा धरहरा भनिन्छ। संस्कृतमा सेतोघर भन्नु पर्दा 'धवलगृह' भन्नु पर्छ। सुदूरपश्चिम नेपालको स्थानीय भाषामा सेतोलाई धौल्या, धौल्य, धौल, धउल्या, धउल, धौले भनिन्छ। संस्कृतमा सेतो पहाड भन्नु पर्दा धवलागिरि भनिन्छ। नेपाली भाषामा धवलागिरिलाई धौलाग्रि, धउलागिरि, धौलाश्री, धवलागिरि भनिन्छ। हिन्दी भाषामा कुनै अग्लो न अग्लो घरलाई धौलहर वा धौलहरा भनिन्छ।[1] नेपाली भाषामा धरहरा शब्द संस्कृतबाटै आएको लक्षित हुन जान्छ। हिन्दी पनि संस्कृत भाषाको आडबाट बनेको हुँदा नेपालीसंग कुनै कुनै शब्द मेल खाने देखिन्छ। त्यसैले धौलघर, धौलहर, धौरहर, धरहर, धरोहर, धरहरा नेपाली भाषाको प्राचीन रूपसंग मेल खान गएको पाइन्छ।

धरहरा शब्दको अर्थ नेपाली–नेपाली–अंग्रेजी कोषमा यसरी गरिएको छ।[2] "धरहरा (ना.) मीनार; उच्च इमारत। n.Tower". त्यसैगरी अंग्रेजी शब्दकोषमा Tower को अर्थ यस प्रकार छ[3]– Tower (1) a structure that is relatively high for its length and width, either standing alone or as part of another building." यसबाट यो कुरा स्पष्ट हुन्छ कि धरहरा वा Tower मानवनिर्मित उच्च घर, इमारत, मीनार, टावर, गगनचूम्बी भवन, घण्टाघर शब्दमा प्रयोग गरिंदो रहेछ। नेपाली जनजिब्रोले पनि त्यस्ता प्रकारका घरलाई धरहरा नै भन्दै आएको पाइन्छ।

आदिकवि भानुभक्त आचार्यले बालाजुको कविता लेखेका छन्, तर धरहराको कविता लेखेका छैनन्।[4] धरहराको कविता कविवर सुन्दरानन्द बाँडाले लेखेका छन्, जुन यस प्रकार छ–

"नानास्तोत्रसुगीतमंगल महल् वाद्यै वगैंचा असल्
धारा पानी सरोवरै जल अमल् माछा कछुवा कमल्।
कल्हारोत्पलकेतकीगलित धूल त्रैलोक्यका चित्त भूल्
श्री भीमेश्वरपुण्यभूमि टुडिषेल् धन्यै छ नेपाल तल् ।।१७।।
.....यमराजको हतियार दण्डमरूप अग्लो भैकन टाढाबाट पनि देखिन्या गरिबनायाका खंव तेस्ले पनि असल् मनोहर बस्न्या जग्गह भयो....."[5]

उपर्युक्त कविता र गद्यमा धरहराको वर्णन पाइन्छ। श्री ३ चन्द्रशमशेरले इतिहास लेखाउन बोलाएका अंग्रेज इतिहासकार पर्सिभल ल्याण्डनले पनि भीमसेन थापाको बाघदरबार र धरहराको उल्लेख गरेका छन्।[6] काठमाडौं उपत्यकाको प्रायः सबै ठाउँबाट देख्न सकिने धरहरा साँच्चै नै अचम्मको छ। यो ईंटै ईंटको खम्वाले काठमाडौंलाई शौभायमान पारेको छ। काठमाडौं नआएका मानिसले पनि धरहराको चित्र देखेकै हुन्छन्।

अतः काठमाडौंभाई पहिले नेपाल पनि भनिन्थ्यो । नेपालमा पहिलो कुरो धरहरा हुनाले मानिसहरू झट्टै "नेपालको धरहरा टोपी खस्यो हरर..." भन्ने संज्ञन्थे ।

जनरल भीमसेन थापाले आफ्नो दीर्घकालीन मुख्तियारीमा धेरै उल्लेखनीय कामहरू गरेका देखिन्छन् । तीमध्ये धरहराको निर्माण पनि मान्नु पर्ने हुन्छ । उनले आफ्नो दरबार (आवास) को आडैमा वि. सं. १८८१ मा एउटा धरहरा बनाउन लगाए । सो धरहरामा एउटा अभिलेख पनि छ, जुन यस प्रकार छ[7]–

"स्वस्तिश्री शाके १७४६ सम्वत् १८८१ साल श्रावण
कृष्ण सप्तम्यां— १
तिथौ रेवतिनक्षत्र शुक्रम योग रविवासरे श्रीजनरल
भीम— २
सेन थापाले बनायाको धरहरा शुभम् ॥ ॥"— ३

सो धरहरा निर्माण गरेको लगत्तै एक वर्षपछि अर्थात् वि. सं. १८८२ चैत्रमा महारानी ललित त्रिपुर-सुन्दरी देवीले अर्को धरहरा बनाउन लगाइन् । सो धरहराको अभिलेखको पत्तो लागेको छैन तापनि वि. सं. १९९० को भूकम्पपछि जीर्णोद्धार गरेको अभिलेखमा पहिलो धरहराको स्थितिको पनि वर्णन परेको छ । सो अभिलेख यस प्रकारको छ[8]–

"सम्बत् १८८२ साल चैत्र सुदी १२ रोज ४ मा श्री श्री
श्रीमल्ललित— १
त्रिपुरसुन्दरी देवीबाट बनाइवक्सेको यो धरहरा विक्रम सं–२
वत् १९९० साल माघ २ गते (माघकृष्ण ३०)
सोमवारको भी– ३
षण भूकम्पले भत्की विग्री २ तलासम्म पुरानो बाँकी
भए– ४
कोमा अरू तला उठाई श्री ३ महाराज जुद्धशम्शेर– ५
जङ्गबहादुर राणाबाट विक्रम सम्वत् १९९२ सालमा– ६
जीर्णोद्धार गरिवक्सिएको ॥शुभम् ॥–" ७

जनरल भीमसेन थापाले र श्री ५ बडामहारानी ललित त्रिपुरसुन्दरीले बनाउन लगाएका एकजोर धरहरा पुग नपुग ११० वर्षसम्म यथावत् नै रहे । वि. सं. १९९० मा नेपालमा ठूलो भूकम्प गयो । त्यसबेला जनरल भीमसेन थापाले निर्माण गरेको धरहरा नराम्रोसंग चर्केको थियो । त्यसको ठीक १०० वर्षपछि अर्थात् वि. सं. १९९० सालमा नेपालमा अर्को महा-भूकम्प गयो । उक्त प्राकृतिक प्रकोपमा नेपालका धरहरा केराको थाम लडेझैं लडे । ढलेको भाग चकनाचूर भयो । त्यतिमात्र होइन घण्टाघर समेत साह्रै भ्रष्टसंग ढल्यो । धेरै जनधनको क्षति भयो । भूकम्प एकै समयमा उपत्यकामा जाँदा भुँवरी परेझैं धूलो उडेको, दुवै धरहरा र घण्टाघर करौंतीले काटेका रूखझैं चिराचिरा पर्न गै २।३ टुक्रा भै ढलेका थिए ।[9] वि. सं. १८८१ मा निर्मित धरहरा सो भूकम्पमा इतिश्री भयो भने वि. सं. १८८२ मा निर्मित धरहराका पुछारका दुइतला यथावतै रहेकाले वि. सं. १९९२ मा श्री ३ जुद्ध शमशेरले जीर्णोद्धार गरेका हुन् । अतः हालको धरहरा उभ्याई राख्ने श्रेय उनैलाई दिनुपर्छ । एउटा कुरा अलि फरक परेको चाल पाइन्छ । वि. सं. १९९० को महाभूकम्पमा धरहरा ११ तले थियो भने श्री ३ जुद्धले ९ तलामात्र बाँकी राखी जीर्णोद्धार गरे । अनि भीमसेन थापाले बनाएको धरहरा भने माटोमा मिल्न गयो । टुंडिखेलमा निर्मित धरहराको वर्णन यस प्रकार छ[10]–

"कहर्को त घर्हर् सहर्का निकट्मा
उंचाको त तारिफ् बन्याको विकट्मा ।
जहाँभित्र बाटो घूम्याको उपर्मा
अरूले नजान्नू अकल्का सफर्मा । ३७।"

अब लागौं धरहराको निर्माण कुन सन्दर्भमा गरियो होला भन्ने कुरातिर । वि. सं. १८८१–८२ मा मुख्तियार भीमसेन थापा ज्यादै शक्तिशाली थिए । श्री ५ महाराजाधिराज राजेन्द्र वीर विक्रम शाहदेवलाई काखमा राखी महारानी ललित त्रिपुरसुन्दरीले नायवी चलाएकी थिइन् । श्री ५ महाराजाधिराज र नायवमुमा महारानी नाममात्रका शासक थिए । राज्यको सम्पूर्ण हात थियो जनरल भीमसेन थापाको । यसो हुनुको मूल कारण हो महारानी ललित त्रिपुरसुन्दरी जनरल भीमसेन थापाका भाइ काजी नयनसिंह थापाकी छोरी थिइन् । काजी नयनसिंह थापाको अंग्रेज–नेपाल युद्ध-

पूर्व नेपालको एकीकरण अभियानमा गढवालमा देहान्त भएको थियो ।[11] त्यसपछि भीमसेन थापा ललित त्रिपुर-सुन्दरीका संरक्षक मात्र होइनन् श्री ५ महाराजाधिराजका समेत संरक्षक थिए । श्री ५ रणबहादुर शाहको वि. सं. १८६३ मा शेरबहादुर शाहीद्वारा हत्या भए पछि जनरल भीमसेन थापा मुख्तियार भएका हुन् । त्यसपछि त नेपाल नै भीमसेन थापा थियो र भीमसेन थापा नै तत्कालीन नेपाल थियो ।[12] तसर्थ जनरल भीमसेन थापाले दुई-दुईवटा धरहरा बनाउन समर्थ भएका थिए । पहिलो धरहरा वि. सं. १८८१ मा निर्माण गरिएको थियो जसको उचाई १२४ हात थियो भने वि. सं. १८८२ मा निर्माण गरेको धरहराको उचाई जम्मा ९० हात भएको कुरा थाहा हुन आएको छ ।[13] उक्त दुवै धरहरामा एउटालाई उपल्लो धरहरा र अर्कोलाई तल्लो धरहरा पनि भन्ने गरिएको कुरा थाहा पाइन्छ । यसबाट यो कुरा बुझिन्छ कि वि. सं. १८८१ मा जनरल भीमसेन थापाद्वारा निर्माण भएको धरहरा स्थूल रूपको हुनाले त्यो बनेको ९ वर्षपछि अर्थात् वि. सं. १८९० को भूकम्पले चर्काई दियो । तर अर्को वि. सं. १८८२ मा महारानी ललित त्रिपुर-सुन्दरीद्वारा निर्माण भएको धरहरा टक्कक १०८ वर्षसम्म अर्थात् वि. सं. १९९० सम्म राम्ररी रहन सकेको कुरा थाहा हुन्छ । जनरल भीमसेन थापाले निर्माण गरेको धरहरा १८९० सालमा नै भत्केको कुरा चित्त-रञ्जन नेपालीले उल्लेख गरेका छन् ।[14] नेपालमा यस पूर्व यस प्रकारका धरहरा बनाउने चलन नभै मन्दिर, मठ, स्तूप, देवलहरू मात्र निर्माण गर्ने चलन प्रचुर मात्रामा भएको पाइन्छ । तर भीमसेन थापाले धरहरा बनाउने नयाँ चलन चलाए भन्नु अतिरञ्जित हुने छैन जस्तो लाग्दछ । यसको अनुकरणस्वरूप पछि श्री ३ वीर शमशेरले घण्टाघरको निर्माण गरेको कुरा पनि सांकेतिक अर्थ लगाउन सकिने भएको छ । जनरल भीमसेन थापाले निर्माण गरेको धरहरा पहिल्यै भत्किसकेको र ललित त्रिपुर-सुन्दरीले निर्माण गर्न लगाएको धरहरा वि. सं. १९९० सालको महाभूकम्पले भत्काएपछि श्री ३ जुद्धशमशेरले जीर्णोद्धार गरेका हुन् ।[15] हालको धरहरा त्यही धरहरा हो जो एक पटक ढलेर फेरि उभिने सौभाग्य पाएको छ ।

नेपालको धरहरा नेपालको राष्ट्रिय पूँजीले बनेको हुँदा यो सारा नेपालीको संयुक्त सम्पत्ति हो । सर्वप्रथम यसको निर्माण गर्दा कति कति खर्च लाग्यो तथ्याङ्कको अभावमा भन्न कठिन पर्न गएको छ । जनरल भीमसेन थापाको मुख्तियारीकाल जल्दोबल्दो र खस्किदो बिग्रँदो दुवै स्थितिबाट नेपाल गुज्रेको पाइन्छ । विशेषगरी अंग्रेज–नेपाल युद्धपछि नेपालको विस्तार ठप्प भएको पाइन्छ । तर भीमसेन थापा जस्तो योग्य शासक हुनाले नै नेपाललाई अंग्रेजको अगाडि बचाएर राखे भन्नै पर्छ । त्यसबखत पनि नेपालमा वीरकालीन शौर र तेज सेलाएको पाइँदैन; जस्तै–

"अघी पन्थ पाँडे थिया ढेर मन्त्री
भएनन् त यस्ता अकिल्का त तन्त्री ।
अमरसिंह थापा बडा वीरकी घरमा
भयो भीम औतार् सुघर् वाह्र थरमा ।।२२।।[16]

जनरल भीमसेन थापाका समयमा विकास र निर्माणको लहर उर्लेको देखिन्छ । बाटो, पुल, घर, दरबार, धरहरा, मन्दिर, समाज सुधार, स्थिति बन्देज, जातपात, नापतौल, जग्गाजमीन, कुलोपैनी, नापी, धारा, पौवा पोखरी, सेना व्यवस्था, आर्थिक सुधार जस्ता उल्लेखनीय कामहरू जनरल भीमसेन थापाले गरेर छोडे । यद्यपि इतिहास शिरोमणि बाबुराम आचार्यले जनरल भीमसेन थापालाई राम्रो नजरले हेरे जस्तो पाठकहरूलाई लाग्दैन ।[17] उहाँबाट केवल जनरल भीमसेन थापाको क्षीद्रान्वेषण नभएको पनि होइन । इतिहासकारले असल-लाई असल भनिदिन कुनै कञ्जुसी देखाउनु हुँदैन जस्तो लाग्छ । यो उहाँबाट भएन ।

जनरल भीमसेन थापाले धरहरा किन बनाउन लगाए होलान् भन्ने बारेमा कुनै तथ्य प्राप्त भएको छैन तापनि धरहरालाई भीमसेन थापाकालीन नेपालको आशा र उमङ्गको प्रतीकको रूपमा ग्रहण गर्न सकिने स्थिति छ । हामी नेपाली आर्थिक दृष्टिबाट छिमेकी राष्ट्रभन्दा पछि परेका छौं । जनरल भीमसेन थापाको समयमा नेपाल र नेपालीले कसैसंग हात पसार्दैनथ्यो । किनभने नेपाल त्यो बेला धनी थियो, धनकोभन्दा मनको । सो कुरा बेलायत जस्तो शक्तिलाई नेपालले आत्थू आत्थू बनाएबाटै भन्न सकिन्छ । त्यो बेला अंग्रेजहरूसंग बन्दूक, गोला, बारूद,

तोप, हतियारहरू थिए भने नेपालमा पनि ती शस्त्रास्त्रहरू थिए । घरबूना, कोकिटा, पाट, भांग्रो, सनपाट, ऊन, ढाका, खाँडी, नेपालमा नै उत्पादन गरी नेपालीले आफूलाई पुऱ्याउँथे ।

धरहराको भूईं तलामा मूलढोका छ, माथिल्लो तलामा चारैतिर ढोका र त्यसभन्दा तल्लो तलामा पूर्वपट्टि एउटा ढोका र त्यसको चारैतिर बाहिरपट्टि कौशी बनाइएको छ । धरहरालाई चारैतिरबाट पर्खालले घेरिएको छ। छपन्नवटा खम्बाका बीचमा पर्ने पूर्वपट्टि प्रवेशद्वार छ जहाँ आजभोलि प्रवेश निषेध गरिएको छ। वि.सं. २००२ ताका धरहरालाई सेतो पोतिएको थियो जसको खर्च पहिले असी हजार अनुमान गरिएथ्यो तर स्वदेशीले बुद्धिमानीपूर्वक आठै हजारमा राम्ररी पूरा गरेका थिए, भनिन्छ ।[18]

जनरल भीमसेन थापाले धरहरा के प्रयोजनले बनाए, यसको ठोस उत्तर प्रकाशमा आएको छैन । यसको उपयोगिता अरूलो हुनाले पल्टनलाई सूचना दिन बिगुल बजाउन गरिन्थ्यो । ढुण्डिराज भण्डारीले जङ्गबहादुर कुँवरले कोतपर्वपूर्व धरहरामाथि पुगी आफैंले बिगुल बजाएको कुरा उल्लेख गरेको पाउँछौं ।[19] तर फादर स्टीलरले भने जनरल अभिमानसिंहलाई सो बिगुल बजाउने आदेश रानीले गरेको कुरा उल्लेख गरेको पाइन्छ ।[20] अर्को कुरा धरहरामा गजुरको स्थापना गरिनाले यो मन्दिरको रूप भएको कुरा पनि स्वीकार्नु पर्ने हुन्छ। हाल पनि धरहरामाथि ६ तले गजुर छँदैछ। हाल यसको उपयोगिता राष्ट्रिय पर्वमा बिजुली बत्ती बाली दीपावली गर्न मात्रै भए जस्तो लाग्दछ । एउटा कुरा, छिमेकका भवनहरू कहिले धरहरा ढलेर ढाडै सेकिने हो कि भन्ने त्रासमा परे जस्तो पनि लागेको छ ।

टिप्पणीहरू

१) जगदीशचन्द्र रेग्मी, **नेपाली अध्ययन, भाग २,** साझा प्रकाशन, नेपाल, २०३४, पृ. ४६ ।

२) डा० पारसमणि प्रधान, **ठूलो नेपाली-नेपाली-अंग्रेजी कोष,** भाग्यमणि प्रकाशन, कालिङ्गोङ्ग, भारत, १९८३ ई., पृ. ३११ ।

३) David B. Guralnik; Ed., **Webster's New World Dictionary,** Oxford and IBH Publishing Co., New Delhi, 1976, P. 791.

४) भानुभक्त आचार्य, **भानुभक्तको रामायण,** साझा प्रकाशन, नेपाल, २०३९, पृ. २१ ।

५) पण्डित सुन्दरानन्द, **त्रिरत्न सौन्दर्य गाथा,** धनबज्र बज्राचार्य सं., नेपाल सांस्कृतिक परिषद, काठमाडौं, २०१९, पृ. २५६–२५७ ।

६) P. Landon, **Nepal,** Ratna Pustak Bhandar, Kathmandu, 1976, PP. 89–101.

७) **अभिलेख संग्रह, बाह्रौं भाग,** संशोधन मण्डल, नेपाल, पृ. १७ । भीमसेन थापाले तयार गरेको यो शिलालेख नेपाल म्युजियममा सुरक्षित रहेको छ ।

८) **अभिलेख संग्रह, आठौं भाग,** संशोधन मण्डल, नेपाल, पृ. ८–९ । यो अभिलेख तामाको पातोमा लेखिएको र धरहराको तल्लो तलाको मूलद्वारको चाँदोमा नै टाँसिएको छ । श्री ३ जुद्धशमशेरले तयार गरेको यो अभिलेख हो ।

९) ब्रह्मशमशेर ज. ब. रा., **नेपालको महाभूकम्प,** श्री प्र. गो. द. वा. मेजर जनरल ब्रह्मशमशेर जङ्गबहादुर राणा, बी. ए., नेपाल, १९९१–९२ वि. सं., पृ. १२ ।

१०) बाबुराम आचार्य, **पुराना कवि र कविता,** साझा प्रकाशन, काठमाडौं, नेपाल, २०३५, पृ. ७८ (यदुनाथ पोखरेलको कविताबाट उद्धृत) ।

११) Ludwig Father Stillar S. J., **The Rise of House of Gorkha,** Patna Jesuit Society, India, 1975, PP. 235.

१२) P. Landon, Opcit. Note no. 6, PP. 82-83.

१३) गौतमबज्र बज्राचार्य, हनुमान ढोका राजदरबार, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि., काठमाडौं, २०३३, पृ २७३।

१४) **चित्तरञ्जन नेपाल, जनरत्न भीमसेन थापा र तत्कालीन नेपाल,** रत्न पुस्तक भण्डार, काठमाडौं, नेपाल, २०२२, पृ. २०८-२०९।

१५) ढुण्डिराज भण्डारी, **नेपालको ऐतिहासिक विवेचना,** श्रीमती कृष्णकुमारी देवी, वाराणसी, भारत, २०१५, पृ. २३७।

१६) बाबुराम आचार्य, पूर्ववर्णित, टिप्पणी नं.१०, पृ.७५

१७) बाबुराम आचार्य, **नेपालको संक्षिप्त वृत्तान्त,**प्रमोद-शमशेर, र नीरविक्रम 'प्यासी', काठमाडौं, पृ. ११९-१२६।

१८) गण्डकी अञ्चल, कास्की जिल्ला, ढिकुरपोखरी गा. पं. वार्ड नं. २, सिपालीका निवासी पं. नरपति सुवेदीबाट प्राप्त जानकारी, जसबाट प्रेरणा प्राप्त भएकोले यो लेख तयार भयो।

१९) ढुण्डिराज भण्डारी, पूर्ववर्णित, टिप्पणी नं १५, पृ. २५७।

२०) Ludwig Father Stiller S. J. **The Kot Massacre,** CNAS, T. U. Kirtipur, Nepal, 1981 A. D., PP. 311-312.

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

ह्लासाका छितारिन् सुइतारिन अम्बा दुई र पोतला लामाज्यु स्मेत जना ३ ले लालमोहर गरिपठायाको बेहोरा—

उप्रांत लैलगामको नकल सारि विचार गर्दा छयांलुं ५७ सालका फुटुंथ्वांका पालामा अर्जि चढायाको जगातको वन्दोवस्त वाधि जगात लियाको वन्देजभिल केरुं कुतिका सिवानामा जगात लियाको ढेर होइन जोभयाका नेवार महाजनका चावल लि सिवानामा वेपार गर्न आउन्याको चावल मारि १ के जगात फुरु १ ली श्रीत्रासकामिनीका मन्दीरमा पूजा पाठ गर्दा चाहिदा सौपंछन्. भोटका प्रजा सिवानामा थोर बहुत नुन् लि वेपार गर्न जांदा भारि १ के फुरु १ लिदा रह्याछन् ति झुपुनले नुन लियाको नेवार महाजनसंग नुन दि धूपका अनेक मसाला लिदा रह्याछन् र कागज अनेक फलफूल सट्टा गरि पोतलामा वुझाउदा रह्याछन् फेर नेवार महाजनहरू ह्लासा आउंदा ल्यायाको अनेक जिनिसि चीजहरू र ति झुं पुनले सिवानामा चावल जगात मात्र लिनुहुन्छ अरू सिवानामा जगात लिन पाउंदैन अरू मारि ति झुपुनले जांचि तपसिल लेखि पोतलामा विति गरि पठाउंछन् र चीजवीजका मारि ह्लासामा पुग्यापछि असल कमसल मारि १ के काला मोहर १ लिछन् सुनौला तास थान मुगाका माला कपुर्न्या तोफा चिजहरूको विस्तार वुझि जगात लिछन् फेर केसर ठुला साना भारि १ के जगात काला मोहर १ लिछन् यो विस्तारहरूको लैलगामको नकल सारी लाल मोहर लगाई पठायाको छ तौक्वा २६ सालका भाद्र महीनाका ११ जांदा—

श्री ५ गोर्षा सर्कारवाट ह्लासाका छितारिन सुइतारिन् अम्बा २ लाई लेखिगयाको—घ्यालुं ५७ सालका वन्दोवस्त का नकलमा लालमोहर गरि पठाउनु भयाको तस्को नकल सारि काजि सुरतसि पंथ सर्दार रणसंज कार्किलाई पठाया को छ भोटवाट आउन्या भारादारसंग वसिवढ्याको कुरा घटाई अघिका थितिबमोजिम सवै वन्दोवस्त मिल्यापछि आफुहरू छेउ जाहेर गरि पठाउन्या काम गरौला केरुं कुतिका भोटचाहरूले सिवाना नाघि १ दिनको वाटोसम्म आई वेपार गर्नु हुन्थ्यो आजकाल नेपालैसंम्म आई वेपार गर्छन् १९०३ साल आश्विन शुदि १५ रोजमा ह्लासाका छितारिन् अम्बा १ वाट श्री ५ गोर्खा सर्कारमा लेखि आयाको ठुलो फुरु र सानु फुरु दुईले जगात लिन्या गर्याको रहेछ ठूलो फुरु चाहिंदैन अव उप्रांत सानै फुरुले मात्र लिनुदिनु गर्नु भनि सानु फुरु वमोतिम दुई फुरु वनाउन लगाई केरुं कुतिका ढेवालाई दि पठायां आफुका राज्येका मानिसले व ढता लियाको घटाई रितथामि वन्दोवस्त गर्दा आफु वाङ अकलवंत हुनुहुन्छ म वहुतै खुसी भयाँ नेवार महाजन ह्लासा वैपार गर्न आउंदा वर्षको तिन फेरा आउथ्या आजकाल वाह्रै मैह्ना चल्याको छ केरुं कुतिका भोटचाहरू सिवाना नाघी १ दिनको वाटासम्म आई वेपार गर्न हुन्थ्यो आजकाल नेपालैसम्म जत्तत्र आई वेपार गर्दछन् भनि लेख्याका अर्थ भोट र गोर्षा अधिदेषि मिलाप भै वेपार गर्दा आउंदा जादा सदा सर्वदा यो काम भयाकै हो तौक्वां २६ सालका मंसीर महिनाका २ दिन जादा—

ह्लासाका छितारिन् अम्बा १ ले केरुंमा चिठी पठायाको उप्रांत गोर्षाका काजि सर्दार र भोटचा छयां जोयेलावाङ

कुंपुले मारुंका छोरा स्यामकृष्ण मान्याको कुरा वेसगरि निसाफ गर्नु जगातमा आफु आफै दस्तुर वढता लियाको गोर्षा वाडले र मताठिनले सवै घटाई सक्यौ अव जगातको विति नगर्नु तौक्वां २६ सालका मंसिर मैह्नाका २ दिन जांदा यो २ चिठीको श्री ५ गोर्षा सर्कारवाट ह्लासाका छितारिन अम्वालाई जवाप गयाको— ताहांवाट लेखि आया वमोजिम हाम्रा काजि सर्दारलाई पनि लेषी गयाको छ। यो सवै कुराको वन्दोबस्त भै आयापछि विस्तार लेषि पठाउन्या काम गरौला १९०३ साल पौष शुदि १० रोज १ ह्लासाका छितारिन् अम्वा १ वाट श्री ५ गोर्षा सर्कारलाई लेषी आयाको मारुंको छोरा स्यामकृष्ण मान्यां गोतुतेंजेन् चोर कैदषाना रह्याको मरि गयेछ गोपुतेंजेनसंग मतो गर्न्या पासांलाई बहुतै सासना गरि कांपा भन्या देशमा निकाला गरि दियाछन् सदा कयेदषानामा राख्याको छ मारुंको चोरियाको जिनिसि मालहरू तपसिल वमोजिम झुगाकेरुंका झुपुन र सोहि जग्गाको वातले छुन्या सवैसंग उघाई मारुंलाई दियाछन् मारुंले मरिपाञा भन्या मुचुल्का लेषाई लियाछन् येस कुरामा नेवार महाजनहरू पनि षुसि भयाछन् हाम्रि ताठिनले विचार गर्दा रितमा मिल्दो रहेछ. परन्तु येस वावत केहि कुरा हुन्या छैन तौक्वां २६ सालका पौष महिनाका दिन २१ जांदा—

श्री ५ गोर्षा सर्कारवाट छितारिन् अम्वालाई लेषिगयाको स्यामकृष्ण मान्यां गोपुतेंजेन चोर कैदषानामा भरी गयेछ पासांलाई निकाला गरि दियांछन् मारुंको चोरियाको माल सवै भै भन्यां गन्याछन् भन्या विस्तार वढिया लेषि आयेछ केरुंमा गयाका हाम्रा काजि सर्दार आई हाम्रा हजुरमा विन्ति गऱ्या १९०३ साल फागुन वदि ४ रोज ५ का दिन श्री ५ गोर्खा सर्कारवाट ह्लासाका छितारिन् मुतारिन् अम्वालाई लेखि गयाको केरुंमा जगात दस्तुर अधिका भन्दा वढता लियाका कुरामा ताहां ह्लासावाट आउन्या छ्याजोये र हाम्रा आहाका काजि सर्दार वसि आफुहरूवाट लेखि आया वमोजिम छचालुं ५७ साल देखि चलि आयाको अधिको दस्तुर थामि भोट गोर्षा दुवै तरफको विचमा वढ्याको कुरा घटाई अघि देखि चलि आया वमोजिम काजि सर्दारले वन्दोवस्त गरि आयाको रितिथिति थामि जगात दस्तुर लिन्या कुराको दरवन्दि षोलि थितिको लालमोहर गरि ताहा आफुहरू छेउ जाहेर भैरहोस् भंना निमित्त पठायाको छ दाखिल भै विस्तार जाहेर होला. अव उप्रांत ताहावाट आफुहरूको र पोतला लामाज्यको मोहोर लाग्याको सहिको कागजभंदा वढता लिन केरुंका ढेवाहरू नपाउन आहा हाम्रा जगातिहरूले पनि यस लालमोहर वमोजिममा वढता लिन लाग्यो भन्या थितिका लालमोहरमा लेष्या वमोजिम सजाये पाउन्या छन् १९०४ साल ज्येष्ठ सुदि १४ रोज १

भोटचाहरूले वेपार गर्न आउंदा जगात भंसार लिन्या दरवन्दि थितिका लालमोहरको नक्ल—

आगे वालाज्यू देषी हाम्रो सिमाना रसुवासम्म वालाज्यू निकासी नुवाकोट भन्सार भार्षु भन्सार स्याफ्रुजगात टिमुन्या जगात गोलजुं जगात टिमुन्या टक्सार गैंहु जगाति भन्सारी गैंहुप्रति अघि परापूर्व देषी चलिआयाका रितिथिति भन्दा जगात वढता लिछन् अरू रकम पनि वढाई केरुंका ढेवाहरूले लिदा हाम्रा महाजन प्रजाहरूलाई दुःष भयो. यस कुराको वलियो थिति नगरी वक्स्या हामीले दुष पाऊं भन्या अंजि महाजन प्रजा गैंहुले हाम्रा हजुरमा चन्हाउदा आहावाट काजी सुरथसि पंथ सर्दार रणगंज कार्कि महाजन गैंहु समेतलाई केरुंमा गै केरुंग्याले अघिभन्दा जगातमा र रकममा वढाइ लियाको कुन कुन रकम रहेछ भोट ह्लासावाट आयाको ह्लासालावाङ छान् जोयलाङ गोनवोसंग वसि तजवीज गर्दा अघिदेषि चलि आयाको रकम कलमभन्दा वढता लियाको जो ठहर्छ हाम्रा तरफवाट पनि अघिदेषि चलि आया भन्दा वढता लियाको जो ठहर्छ भोट र गोर्षा दुवैतिरको पछि वढचाको रकम कलम घटाई अघि छचालुङ ५७ सालदेषि दरि चलि आयाको दुवैतिरको थामी वन्दोवस्त गरि आउनु भनि पठायाको हो यस कुराको विस्तार लेषि ह्लासाका वडा अम्वा छितारिन सुइतारिन छेउ पनि लेषिगयाको हो ह्लासा का वडा अम्वा २ वाट यस कुराको जवाप अघि छचालुङ ५७ सालका दफदरमा वुझ्दा कुति केरुंमा चावल ली वेपार गर्न आउन्यासित र अरु नेवार महाजनहरू अनेक चीजवीज ली ह्लासामा वेपार गर्न आउंदा कुति र केरुंका ढेवाले भारि १ के चावल १ फुरु मात्र जगात लिनु हुन्छ सिवानामा अरू केहि लिन हुँदैन चीजवीजका भारि ह्लासा पुग्यापछि असल कमसल भारि १ को काला मोहर येक लिछन् सुनौला तास थान् मुगाका माला कपुर्या तोफा चीजहरू के येहि विस्तार वुझि जमात लिछन् फेर केसर

ठुला साना भारि १ के काला मोहर येक लिन्या रित रहेछ ताहा गौर्यावाट अघि भन्दा बढता लिछन् भनि केरुका झुपुन र प्रजा गैंहले आहा हामी ताछिव छेउ विन्ति गर्या ताहावाट भनि पछि बीचमा बढाइ लियाको घटाई बन्दोबस्त गर्नु भन्या ह्लासाका बडा अम्बाहरूको र पोतला को तालीम लामाज्यूहरूको छाप सहि पर्वाना आउदा भोट ह्लासावाट आयाको छान जोयर, हाम्रा काजि सर्दार महाजन प्रजा गैंह्र बसि बीचमा बढाइ लियाको सबै जगात दस्तुर घटाई अघि छ्यांलुंङ ५७ साल देषि चलि आयाको तपसिल बमोजिमको जगात लिनुदिनु दस्तुर थाम्री अघि देषी चलि आयाको दस्तुर तिरि आफ्नु षुसि राजि भयाका जगामा गै बेपार गर्नु भनि दरबन्दी षोलि थिति बाधि बक्स्यौ जसले दरबन्दिभन्दा बढता जगात लेला देला उसलाई जात अनुसारको सासना होला—

तपसील

भोट तरफका भोटया नुवाकोट तरफ आउदा —

टिमुन्याजगात

भोटया जना– १ के नुन् कुरुवा—	१
भोटिनी जना– १ के ए कुरुवा—	॥
पाषो थान १८ को भारि १ के पैसा रु–	॥
भेडा च्यांग्रा गोटा १ के पैसा रु–	
पाखी चुनचान थान १ के पैसा रु–	ऽ।
घोडा १ के पैसा रु —	॥
नङ्रा कमारा कमारी १ के पैसा रु—	॥
बाज १ के पैसा रु—	॥
उन् भारी १ के —	॥
उन् चुनचान भारि १ के पैसा रु—	ऽ॥
चवर भारि १ के पैसा रु —	॥
स्वाम भारि ५ के चावल कुरुवा—	१
कस्तुरी सेर १ के पैसा रु—	॥
जरिबुटि भारि १ के पैसा रु —	॥
तोसमलैदाकुचिन् भारि १ के पैसा रु—	॥
चरस भारि १ के पैसा रु—	॥
दसै षेपमा भेडा २१ गंति भित्रमा लिनु गोटा—	१
दसै षेपमा च्यांग्रा २१ गंति भित्र लिनु गोटा—	१

स्याफुको बाटो टिमुन्याको सदर—

गोलजुं बाटो टिमुन्याको सिवुनोर्वु च्याङ गाउल्या गोसजुंको बाटो आउंदा जगात आधि—

भार्षु भन्सार

भोटका भोट्याहरू नुवाकोट तर्फ आउदा लमि लेषि पठाउदा मानिस जनहि पाथि १ सम्म बाटाको सामल निमित्त र भेडाच्यांग्रा २५ मा गोटा १ जत्यादी लमि लेषीदिनु बाटामा मन्यो भाग्यो भनि भोट्याले मिल्ला नलिनु नदिनु—

दसै षेपमा भेडा च्यांग्रा–	४० गन्तिमा च्यांग्रा –	१
दसै षेपमा भन्साव भेडा–	४० गन्तिमा भेडा –	१
दसै षेपमा चौधरि भेडा–	३० गन्तिमा भेडा –	१
दसै षेपमा चौधरि च्यांग्रा–	३० गन्तिमा च्यांग्रा –	१

नुवाकोट् थानी भन्सार

नुन् भर्दा गनौटा दस्तुर भ्यूसिन नुन् पाथि १० के नुन माना ३

भेडा १ के पैसा रु—	ऽ॥
च्यांग्रा १ के पैसा रु—	ऽ२

वालाज्यू भन्सार

गुंटा ३ के नुनमाना —	१
भेडा च्यांग्रा वथान १ के षिपसु मोहर —	१
दसै षेप भेडा च्यांग्रा वथान १ के च्यांग्रा —	१

सहर काठमाडौं चप्रासी मा र्फत

बाज १ के दस्तुर पैसा रु—	॥

नेपालवाट भोटतर्फ फर्कदा —

नुवाकोट भन्सार

भेडा १ के पैसा रु —	ऽ२
च्यांग्रा १ के पैसा रु —	ऽ

भार्षु भन्सार

नुवाकोटबाट ल्याथाको लमिहेरिछोडि दी —

स्याफ्रु जगात

किराना माल भारि १ के पैसा रु—	।।
किराना चुनचान भारि १ के पैसा रु—	ऽ।।
किराना चुनचान थान गंति १ के पैसा रु—	ऽ।
भुसहट्टामाल भारि १ के पैसा रु—	।.
भुसहट्टा चानचुन धार्नि १ के पैसा रु—	ऽ।.
तेल भारि १ के पैसा रु—	।।
घ्यू भारि १ के पैसा रु—	।।
कागज भारि १ के पैसा रु—	।।
नया कमारा कमारि १ के पैसा रु—	।।
बाघको छाला १ के पैसा रु—	।।
चितुवाको छाला १ के पैसा रु—	।.
वदको छाला १के पैसा रु—	/
मुगामाथि १ के पैसा रु—	।।

टिमुन्याको जगात स्याफ्रुको सदर—
गोलजुंको वाटो स्याफ्रुको सदर दिवु तोर्बु च्यांगाउल्याके आदि—

टिमुन्याटक्सार

किराना माल भारि १ के पैसा रु—	।।=
किराना चानचुन थान गंति १ के पैसा रु—	ऽ।
किराना चानचुन धार्नी १ के पैसा रु—	ऽ।।=
भुसहट्टा भारि १ के पैसा रु	।।=
भुसहट्टा चानचुन थान गंति १ के पैसा रु—	ऽ।
भुसहट्टा चानचुन धार्नि १ के पैसा रु—	ऽ।।=
वदको छाला १ के पैसा रु—	/

इति सम्वत् १९०४ साल मिति ज्येष्ठ वदि ८ रोज २ शुभम्—

ह्लासाका पितारिन् मुतारिन् अम्वा २ वाट श्री ५ गोर्खा सर्कारमा लेखि आयाको— पैचीन् जान्या काजि सुरतसि पंथहरूले विचार गर्याको केरु कुति दुई सांध जगामा भोट का झुंपुनहरूले रितिथिति नमानि जगात वढता लिदोरहेछ भन्या कुरा गर्या र उतनिखेरै भोटका काजिहरूलाई चिठि लेखि केरु कुति दुई जगाका झुपुन चेफु अर्वा त्यौये १ छिरिसांटु १ फिछोइये १ श्लांत्येजे १ चार जनालाई चाडो चाडो ह्लासामा झिकाई जाचि सोधि सासना गरौला. इनका वदलामा जाचि वुझि वुझन्या असल चार झुंपुन काज गर्न पठाउछौ. फेरी इनै काजिहरूले विस्तार गर्याको ह्लासामा वेपार गर्न्या मुसलमान अधि नेवार नाइकेको तैनाथ गर्थ्यो भन्या अर्थ विचार गर्दा कुरा पुगन्या छैन ग्यांचि भन्या जगामा नेवार वेपार गर्न्याको भोटयानि स्वास्नीवाट छोरा जन्म्या वावु पट्टि भैरहनु भोटको पर्जा भनि उसले टहल गर्नु पर्दैन भनि लेष्याको रहेछ हामि ताठिनले विचार गर्दा रितिथितिमा पर्दैन तौक्वां २७ साल का ८ महिनाका १८ दिन जांदा ।

चीन जान्या काजी सुरतसिपंथ सर्दार ऐवर्ण वस्न्यातलाई ह्लासाका पितारिन् मुतारिन् अंवावाट लेखियाको— सौगात चह्नाउन आउन्या काजि सुरतसि पंथ सर्दार अैवर्ण वस्न्यात हरूले विस्तार गर्नाको केरु मा जगात लिदा आधाले पुरानु बन्दोवस्त मांदछन् नेवार वैपारी महाजनले चावलको वेपार गर्दा भारिपिछे झुपुनले २ फुरु षांछन्. षाया पनि वेपार गर्न पाउंछन्. कुतिका ढेवाहरूले जगात लिदा वन्दोबस्त कसैले मांदैनन् भन्या अर्थ केरु कुति दुई जगामा छ्यांलु ५७ सालमा फुटुथ्वां मार्फत जगात लिन्या वन्दोवस्त को अंजि गयाको रहेछ नेवार महाजन पर्जाहरूले चावल लि सिवानामा वेपार गर्न आउंदा भारि १ को फुरु १ लिनु अरू चीजहरूमा सिवानामा जगात नलिनु भनि दफदरमा लेषियाको रहेछ पोरका सालमा आफुवाट विस्तार लेषि आउंदा ताठिन् छितारिन् सुइतारिन तालये लामासंग वसि छ्यांलु ५७ सालका वन्दोवस्तको नकल सारि छाप लगाई आफुलाई पठायाको हो. फेर भोट्या काजिलाई पनि हुंकुम दी. केरु कुतिका झुंपुनहरूलाई चिठी लेखि पुरानु वन्दोवस्त सदासर्वदा मानिरहनु वढता नलिनु भनि लेषि गयाको दफदरमा लेषि राष्याको छ आज ति झुपुनले अधिको रित नमानि आफ्ना मनोग्यले चित्त ठुलो गरि वढता लिछन् भन्या वेहोरामा लोमाषान् भोट्या काजिहरू लाई लेषि पठायाको हो । केरु कुतिका झुपुन चेफु अर्वा चइ १ छिरिसांटु १ कुतिको झुपुन फिछोइच्ये १ श्लांताज्ये १ इ चांडो चारजनालाई ह्लासामा झिकाई सासना गरौला ह्लासामा वेपार गर्न्या मुसलमान अधि नेवार नाइक तैनाथ गर्थ्यो भन्याका अर्थ मुसलमानको नाइक्या मुसलमानै छ. नेवारको नाइक नेवारै छन् । मुसलमानले नेवार नाइक मान्या रित रहेनछ । दफदरमा नभयाको हामि ताठिनले हुन्छ भन्न सकतैनौ ग्यांचि भन्या जगामा नेवार वेपारिको

भोट्चानी स्वास्तीवाट छोरो जन्म्याको वावुपट्टि हुन्छ भोट्चाको पर्जा हुन्छैन छोरी जन्म्या आमापट्टि हुन्छ आज छोराछोरी सवै भोट्चाका प्रजा भैरहेछ भन्या अर्थ अघि नेवार ह्लासामा वेपार गर्न वर्षको १ फेरा आउंथ्या भोट्चानी स्वास्नी राखन्या रित रहेनछ आजकाल ति नेवार ले आफना मनोग्यले वर्षवंदि आउंदा जांदा श्राफनै खुसी संग भोट्चानी स्वास्नी राष्याको हो दुई तर्फ मिलिजुलि नेवार भोट्चा रह्याका रह्याछन् त्यो कुरा नेवारहरूले जान् पर्न्या हो. रित नमानि विति गर्दा रह्याछन् तिमि काजिहरू निसाफ जांदेछौ. तोक्वां २७ साल आश्विन महिनाका दिन ४ जांदा— श्री ५ गोर्षा सर्कारवाट ह्लासा का पितारिन् मुतारिन् अम्वा २ लाई लेषि गयाको जगात वढता लियाको कुरा र आफ्ना मनोग्य भावसंग येक हट्टि गरि चावल षरिद गरि लियाका कुरामा अघि लेषि गया वमोजिम वृझि अघिका थितिमा हेरि वन्दोवस्त हुन्यैछ मुसलमानका कुरालाई अघि परापूर्वदेषि नेपालमा घर दुवार हुन्या ह्लासामा कोठि राष्न्या कस्मेरि मुसलमान को कामकाज हाम्रा नाइक्याले गर्नु पर्न्या हो १९०४ साल कार्तिक वदि ११ रोज ४ मा...—

ह्लासाका मुतारिन् अम्वावाट श्री ५ गोर्खा सर्कारलाई लेखि आयाको वेहोरा— केरुं कुति २ का साधमा भोटका झुंपुनले रित नमानि धेरै वढता लिछन् भनि लेष्याको रहेछ पैंची नजान्या काजि सुरतसिं पंथहरूले पनि विस्तार गर्न्या र फेरी चिठी लेषी पठायाको छ केरुं कुतिका झुंपुनहरू ह्लासामा झिकि सास्ति सासना गरौला भनि राष्याको छ. यो काम गरिसक्यापछि आफु वाङलाई चिठि लेषि पठाउला ह्लासामा वेपार गर्न्या कस्मेरी मुसलमानको कामकाज अरफुवाङको गायकले गर्नु पर्न्या हो भन्या कुरालाई चीन जान्या काजिहरू फर्कि आयापछि यो काम गरियेला. तौक्वां २७ साल १२ महिनाका दिन १२ जांदा— यस्को जवाप श्री ५ गोर्खा सर्कारवाट ह्लासाका मुतारिन् अम्वा लाई लेषि गयाको— केरुं कुतिका कुरालाई झुंपुनहरू ह्लासामा झिकाई सोधपुछ भयापछि र चीन जान्या काजि हरू फिर्यापछि अघिका रित वमोजिमको वन्दोवस्त आफुहरूवाट हुन्यैछ १९०४ साल फागुन वदि १ रोज १

येस मितिसम्म चिठीपत्र आवतजावत भयाको हो. लेषौट मात्र आउन्या भोटवाट मिल्याका कुराको केहि बन्दोवस्त हुन्या भएन भोटवाट मिचदै रहन्या मात्र भयो र फेरी चिठि आवतजावत भयेन।— श्री ५ गोर्खा सर्कारवाट ह्लासाका मुतारिन् अम्वालाई लेषी गयाको उप्रांत अघि हाम्रा गोर्खाको र ताहा डिगर्चा भोटसंग लडाञ्जी भयामा पछि सलुक भयापछि भोटको र हाम्रा सिवाना चिन श्री ५ वादसाहवाट गरिदिनु भयाको सिवाना हो वस्मा फरक पर्न्या छैन भनि आजसम्म हामीले सिवानाका हेरचाह गर्न्याको थियेन चुरा लागी रह्याका थिर्न्यू यस पटक हाम्रा वजीर तापानि जादामा. तेस सिवानामा वस्न्या अघि देषीका वृढापाका रैयतहरू हाम्रा वजीरसंग आई. येस जगामा कुतिको षासादेखि मनि ताता पानीदेषी माथि माथिल्लो फलाम साधुको देउरालिको ८५ हातको षावा र. ठुला डुंगाका साधका सोझासोझ रामचें डाडादेषी दक्षिन हिमालयसम्म भोट्चाकोसिका पूर्वको साध र भोट्चा कोसीको पश्चिम लिपि षोलाका सिरदेषी पश्चिम हिमालय को सिवाना अघि श्री ५ चीन वादशाहवाट गरिदिनु भयाको थियो आज यो सिवाना कुति भोटतर्फका षासालि हरूले सिवाना पनि मिच्या हामी रैति दुनियालाई पनि विजाई विद्दत लुटपिट धेरै गरी ज्यान स्मेत मार्न्या सिवाना मिचि यस्तो विथिति भयापछि येस जगामा हामि दुनिया रैति वस्न सकतौन भनि विति गर्न्या छन् र सोहि विस्तार हाम्रा मुषतियार. वजीरवाट हाम्रा हजुरमा विति पार्न्या. श्री ५ चिन वादशाहवाट हुकुम भै मिचियाको भया आफुहरूवाट लेषि आउनु पर्न्या हो अघिदेषिको श्री ५ वादसाहवाट गरिदिनु भयाको सिवाना ति षासालिहरूले आफ्ना मुनासीवले मिलिमिचन्या होइन तसर्थ ताहा आफु वाङको मिचियाको सिवाना जति छ उति चर्च भन्या आफुहरूवाट लेषि आया. सो माफिक मिचियाको सिवाना चर्च छौं ऐले ताहा आफुहरूवाट न चर्च सिवाना सच्याउनालाई हाम्रा यस तर्फवाट अघिका सिवानाका कागतपत्र दी भारादार फलाना महिनामा पठाउछौं भन्या आफुहरूवाट अगावै लेषि आया सो माफिक तेसै महिनामा आहावाट पनि अघिका सिवानाका नवसा कागज पत्र ली भारादार षटाइ दोसाधसम्म पठाउला र दुवै तरफका मानिस वसि सिवाना सच्याउन्या काम हुन गयापछिसम्मलाई वढिया हुन जाला भन्ना निमित्त आफुहरूलाई लेषियाको हो यस्मा आफुहरूवाट ताकिति गरि सिवानाको चाडो रफा गरिदिनु

भया वढिया होला १९०९ साल आश्विन सुदि १३ रोज २ ह्लासाका मुतारिन अम्वावाट श्री ५ गोर्खा सरकारमा लेषि पठायाको ह्लासा र गोर्षाका साध सिवाना दुवैतिरका नक्सा कागजपत्र अधिदेषी गरिराख्याको पत्र छ भनि आफु वाङवाट लेषि आयो साधमा वस्या प्रजा प्राणिहरूले अघिका दस्तुर मानि वस्नु पर्न्या हो क्या कारणमा थिचोमिचो गर्न्याको हो भनि हामी ताठिनलाई गोर्षा वाङवाट लेषि आयो अघिका दस्तुर वेस गरि विचार गरि ठहर ठेगाना गर भनि भोट ह्लासाका राजा लामालाई हामि ताठिनले चिठि लेखि पठायाको छ यसको उत्तरा जो आउला सो आफु वाङलाई चाडोचाडो पठाउला ह्लाङफुङ २ साल १० मैह्लाका २६ दिन जांदा ।

श्री ५ गोर्षा सर्कारवाट ह्लासाका मुतारिन् अम्वालाई लेषी गयाको अधिदेषि श्री ५ वादसाहवाट गरिदिनु भया की सिवाना मिचियो भन्या कुरा रैतिहरूले हाम्रा हजुरमा विन्ति पार्दा सो कुरा आफुहरूलाई लेषि पठायाको हो आफुहरूवाट ह्लासाका राजा लामालाई लेषि पठाउन्या काम वढिया भयेछ राजा लामावाट उत्तरा आउनि वित्तिकै चाडो जाहा लेषि पठाउन्या काम भया वढिया होला १९०९ साल पौष वदि ५ रोज ६

ह्लासाका मुतारिन अम्वावाट श्री ५ गोर्खा सर्कारमा लेखि आयाको साध सिमानाको कुरा भोटका राजा लामालाई लेषि पठाउंदा राजा लामाले हामि ताठिनलाई लेखि पठायाको वेहोरा मुर व्येका गह्रुर भयाको छास्कामिनिका मनि लवढंतां भन्याका जगामा वसि काजकाम गर्न्या भारादार लावाङ गुम्बु भन्याका कारवारीलाई हाम्रा ३ मैह्लाभित्र साधमा पुग्न्या गरि पठाउला औ अघि अघिका अम्वाले वन्देज गरि राष्याको सांध साधका वन्देजको कागज १ छ सो वेहोरा आफु ताठिनवाट हेरि गोर्षा वाङलाई पठाई दिनु होला भनि राजा लामाले अर्जि लेषिचन्हाउदा लेषि पठाको हो आफुले वुझि ह्लासावाट आउन्या भारादार यस दिन साधमा आइ पुगला भनि हिसाव गरि न्याय निसाप ठिक गर्न्या जान्या वूझन्या भारादार १ सिवानामा पठाई दिनु र दुईतिरका भारादार साधमा वसि अघि अघिका अम्वाले गरिराख्याका सांध सांधका थिति वेस गरि वुझि काम गर्न्या वढिया होला आफु वाङलाई श्री ५ वादशाहका मेहरले चतुर विचक्षण भई रह्याका छौ सिमानाका प्रजाका कुरा सुनि क्या हुन्छ थितितिको कागजपत्र प्रजा हरूले देखाउनु सकन्या छैन सो वुझि दुईतिरका भारादार वसि काम गर्न्या वढिया होला हाङफोङ ३ साल ३ मैह्लाका ३ दिन जांदा

श्री ५ गोर्खा सर्कारवाट मुतारिन् अम्वालाई गयाको— साध सिवानाका कुराको उत्तरा ढिल हुन जांदा यस्तै वीचमा हाम्रा मुषतियार वजीर श्री वद्रि केदारको दर्शन गर्न गयाका आई पुग्याका छैनन् ज्येष्ठ मैह्लाभरमा आई पुगन्या छन् आई पुगन्या वित्तिकै सिवानाको कागजपत्र ली भारादारलाई पठाउन्या काम गरुला ताहांसम्म राजा लामावाट आउन्या मानिसलाई थामन्या काम भया वढिया होला १९१० साल वैशाख वदि १२ रोज ४

श्री ५ गोर्खा सर्कारवाट ह्लासाका मुतारिन अम्वालाई गयाको हाम्रा वजीर श्री वद्रि केदारको दर्शन गरि १९१० साल ज्येष्ठका १६ दिन जादा आइपुग्या राजा लामावाट आउन्या भारादार पनि कुति षासामा आइ पुग्याको चिठी आयो आहावाट पनि न्याय निसाप जान्या वुझन्या काजि उमाकान्त उपाध्याय कपतान जवर कार्की इ दुई जनालाई अघि फौजका मालिक दुंथ्वाङ वडा च्यांजुनवाट छचांलुङ ५७ सालमा हाम्रा तरफलाई गरि दियाको सिवानाको कागज स्मेत दी दुई तरफका मानिस वसि सिवाना सच्याउनु भनि अह्राई पठाउन्या काम गर्न्यौं छचाङलुङ ५७ सालमा श्री ५ वादसाहका हुकुमले टुंथ्वाङ वडा च्यांजुनवाट गरिदियाको षासादेषि दक्षिन फलाम साधुका उत्तर ढुंगागाडि सीमाना गरिदियाको वमोजिम आफुहरू वाट गरिदिनु हुन्या छ १९१० साल ज्येष्ठ शुदि ७ रोज ३

ह्लासाका मुंतारिन् अम्वावाट श्री ५ गोर्खा सर्कारमा लेखि आयाको— उप्रांत च्यांन्या हो थुषेथुको वेपारि ह्लासा भनासो भन्या जगामा वस्न्या तेंवाषांवालि संग १९०८ साल हांफोङ १ सालमा ह्लासा वस्न्या पुर्सि नेवार ले चिया लियाको चादि ध्वजे १ दिन नसक्दा पुर्नसि नेवार जमानि भयाको रहेछ. येसै कुरामा तेंवाषांवालिले पुर्नसिलाई पक्रदा तिम्रा असामि येही हो भनि पुर्सि नेवारलाई लगि षांवालिलाई सौपिदियेछ र तेस् षांवालिले पुर्सि नेवारलाई पक्रि पाता फर्काई वाधि झुंडाई सास्ति गरि लाठाले हानि थल्याई सक्यापछि नेल ठोकि राख्याको

रहेछ. यो समाचार ह्लासा वस्न्या नाइक्या र अरू नेवार हरूले सुंदा साहुले गर्न्या सासना मात्र गर्न पाउन्या हो. राजाले गर्न्या सासना गर्न पाउन्या होइन तेप् पुसिको ज्यू गयापछि निसाफ षोजि क्या हुंछ. यो कुरो त भोटका अदालत कास्यालमा गै विति गर्नु पर्न्या हो भनि सबै नेवार जमा भै कास्यालमा गै विस्तार गर्दा कास्यालवाट यो झगडामा ठुलो नगर हाम्रो रैति होइन छोटो मिठो गरि छिनिदेउ भनि मिभुलाई अह्राई पठाउदा मिभुले कोचिवा हरू पठाई षांवाहरूलाई डाकन पठाउंदा आयेनछ फेरी निवाहरूलाई डाकन पठाउदा पनि आयेनछ र मिभुंसित नेवारहरूले वरोवर मानिस पठाउदै चाडो छिनिदेउ भनि तगेदा गर्दा मिभुंले षांवाहरू पनि हाम्रो रैति होइन. तिमीहरू पनि हाम्रो रैति होइनौ जसो गरि हुन्छ गर भनि जवाप् दियाछन् वाहापछि १९१० साल वैशाष सुदि १४ रोज ७ का दिन सबै नेवार जम्मा भै षांवाहरूसंग जवाप् सवाल गरौं भनि जादा ढुंगाले हानि पठायेछ र तेस षांवाको चिह्नारु भनासोमा वस्न्या भादगाउल्या वेपारि वाडालाई अघिवाट कुरा वुझ्न भनि पठाउदा तेस वाडालाई षांवालिहरूले वन्दुकले हानि फेरी ढुंगाले हानि मार्‍याछन् उसै घडिमा ह्लासाका राजा लामा काजि मिभुन्सित नेवारहरूले विस्तार विति गर्न पठाया छन् ताहाको जवाप् आई पुग्न नपाई. फेरी षांवालिहरू सबैजना हुल उठि वन्दुक च्यापसा वर्छा गैरह हतियार ढुंगा चलाउदा नेवारहरूले पनि लाठा चलाई दुवै तरफवाट मारकुट हुदा षांवालिहरूका पनि कोही घाइटा भयाछन् कौही मर्‍या छन् नेवारहरूका पनि कोही मर्‍या छन् कोहि घाइता भयाछन् ति षांवालिहरूले हुल गर्दा येकै डेरामा मात्र वस्न्या रह्यानछन् दुईतीन चोकका षांडाहरू उठि हुल गर्दा नेवारहरूले पनि लाठा छोडी षांवालिहरूका वन्दुक ८ च्यापसा ६ वर्छा २ षोसि ल्यायाछन् र किंचित वेहोरामा हामीहरूले येस्तो लडाजि गर्नु पर्‍यापछि हामि पर्देसी गरिव वेपारिहरूले कस्ता तरहसंग जीविका गर्न्या हो आफु ताठिनहरू वडा वजीर विवेकपात्र हुनुहुन्छ हाम्रो निसाफ हवस् भनि हामि ताठिन छेउ ह्लासा वस्न्या नाइक्या समेत नेवार महाजनहरूले अर्जि चढार्‍या येसै कुरामा षांवालिहरूले पनि अर्जि चर्‍हाया हामीले वेसगरि निसाफ गर्नु भनी ह्लासाको फांफोन चिनिला भारादार भोटचा भारादारलाई षटाई उनहरूले निसाफ गर्‍याको वेहोरा समेत लेषि पठायाको छ हांफोङ ३ साल ५ महिना का २ दिन जांदा

श्री ५ गोर्षा सर्कारवाट ह्लासाका मुंतारिन् अम्वालाई लेषि गयाको आफुहरूवाट लेष्याका पत्रले र आफुहरू छेउ नेवार षांवाहरूले चर्‍हायाका अर्जि ३ का नकलले सबै विस्तार वुझियो पुसि नेवारलाई च्यावेच्याको १ ध्वजे चादि नदिया वावत्मा साहु षांवाले पक्रि लगि पाता फर्काई वांधि झुंडाई सास्ति गरि लाठाले हानि थलिया पछि नेल ठोकि राष्याको कुरा सुनि वित्तिकै ह्लासाका नेवार वेपारी र नाइक्या सिद्धिनारान् कास्यालमा गै असामिलाई छेकथुन गर्न मात्र साऊले पाउन्या हो आपना मुनासिवले मनोग्यगरि झुंडाई लाठाले हानि नेल ठोकन पाउन्या होइन. यस्तो कुरा सुन्यापछि हामीले चुप लागी रहन्या होइन भनानिमित्त कास्यालमा विस्तार गर्न गयापछि कास्यालका मानिसले साहु षांवालाई र असामि पुसि नेवार इ दुवैजनालाई समाई ल्याई कास्यालवाट पुर्पुछे निसाफ गर्दा ति दुईमा जसको अर्ध्यालि ठहर्‍यो उसलाई निसाफ माफीकको सजाय गरिदियाको भया यस्तो ठुलो झगडा भै मानिस मरि लुटपीट हुन जान्या थियेन षांवा पनि हाम्रा रैयत होइन तिमी नेवारहरू पनि हाम्रा रैयत होइन जसो गरि हुन्छ गर भनि भन्या योग्य होइन कास्यालवाट उत्तरा दियापछि सबै नेवार जमा भै षांवाहरूसंग जवाव गर्न जांदा पहिले नेवारहरूले हात छोडि षांवालाई मार्‍याको ठहर्छ भन्या नेवारहरूको अर्ध्यालि हो षांवासंग कुरा गर्न पठायाका भाडगाउल्या वेपारी वाडा पहिले वन्दुक र ढुंगाले हानि षांवाले मार्‍या को ठहर्छ भन्या षांवालिको अर्ध्यालि हो. येस कुराको आफुहरूवाट कसैको पक्षपात गरि निसाफ गर्दा सबै कुराले नेवारहरूले अघिवाट ढुंगा लाठि चलाई षांवालिलाई मार्‍याको निश्चय ठहर्‍यो भन्या ति नाइक्या नेवारहरूवाट मर्‍याका मानिसहरूको मोल र निसाफले ठहर्‍याको लुटि लैगयाको नगदि जिन्सी माल फिर्ता हुनुपर्दछ. फिर्ता गराई दिन्या काम गर्नै हुन्या छ षांवालिवाट यो पहिले वन्दुक हतियार चलाई नेवार मर्‍याको रहेछ भन्या त्यो मर्‍या नेवारको जिय मोल षांवालिवाट भराइदिन्या काम आफु हरूवाट गर्न्यै हुन्याछ तर आपसमा झगडा हुँदा दोहरा

मानिस मर्न गयाकामा अध्यालो गर्न्याका तरफबाट मानिस मर्न्याको मोल तिराउनु पर्न्या हो पछि हात चलाउन्याहरूले जियको मोल तिराउनु पर्न्या होइन । लुटियाको माल र जस जसको लुटियाको छ बाजबिमाल तिराई दिन्या निसाफ हो. पहिले अध्यालि गर्न्याहरूको ठेगाना लागि सकेन भन्या दोहरा जिउ मर्न्याकामा जियको मोल तिराई दिनु पर्न्या छैन भन्या हाम्रो चित्तमा लागछ. ताहाका निसाफले जो ठहर्छ लुटियाका मालका कुरालाई झगडा भयाका मानिसहरू थोरै लुटियाको भया पनि धेरै बनाउद छन् तेस कुराको आफुहरूबाट दोहोरो पुर्पछे गर्दा ठहर्न्याको लुटियाको माल जति हो फिराई दिन्या काम हुन्यैछ. हामीले यो झगडा आफ्ना आंखाले देख्याको छैन कानले पनि सुन्याको छैन । नाइक्याले पनि येस झगडाको विस्तार विति गरि पठायाको छैन. आफुहरूबाट लेषि पठाउनु भयाका पत्रले र षांवालिहरूले र नेवारहरूले आफुहरू छेउ विति गर्न्याका अर्जि ३ देषनाले हाम्रा चित्तमा आयाको कुरा आफुहरू छेउ विति गरि पठायाको हो. आफुहरूबाट जस्ताको तस्तो निसाफ गरि झगरा छिनि दिन्या काम गर्न्यै हुन्या छ. नाइक्या सिद्धिनारान् समेत नेवारहरूलाई आफुहरूबाट लेषि आया वमोजिम तिह्रोरूले लुटिल्यायाको मालतालमाथि कति नपारि जस्ताको तस्तो षसोषास गरि बुझाई दिन्या काम गर षसोषास बुझाइ दियेनौ भन्या विगा बरावर डंड होला भन्या बेहोराको दस्कत लेषी. यसै पत्रकासाथ आफुहरूछेउ पठायाको छ नाइक्यालाई दिन्या काम गर्नु भया बढिया होला. येस झगडाका कुरामा हाम्रा चित्त बुझेन निसाफ पाऱ्यून भनि ल्हासाका नाइक्या महाजनहरूले हामी छेउ विन्तिगरि पठाया भन्या उह्रोरूले विन्ति गर्न्याको आफुहरूलाई लेषि पठाउन्या काम गरौला. अब उप्रांत यस्तो कुरा परि आयो भन्या आहा आफुहरूसंग विन्ति गरि आफुहरूबाट आज्ञा दिया वमोजिम गर्नु आफ्ना मनोग्य षुसीले यस्तो जबर्जस्ति काम नगर्नु भन्या. ल्हासाका नाइक्या नेवार महाजनहरूलाई लेषि पठायाको छ. आफुहरूबाट पनि ताहा ल्हासाका भोट्या षांवालिहरू गैह्रलाई नेवार महाजनको र तिमीहरूको केहि यस्तो कुरा परि आयो भन्या आफ्ना षुसीले मनोग्य गरि नेवार महाजनमाथि जाइलागी जबर्जस्ती नगर्नु हामि ताठिनसित आइ विन्ति गर्नु र हामी ताठिनबाट उत्तरा दिया वमोजीम गर्नु भन्या बन्देज हुन गया पछिसम्मलाई बढिया भै तकार हुन जादैन हाम्रा चित्तमा भोट नेपाल दुवैतिरका प्रजा महाजन सबैको मेल भै सुखसंग रहुन् भन्या. रातदिन येहि चितना गरिछ. आफुहरूबाट पनि भोट नेपालका प्रजा महाजनको मेल भै सुखसंग रहन्या बन्दोबस्त गर्नै हुन्या छ १९१० साल आषाड वदि ११ रोज ६

ल्हासाका मुंतारिन् अम्बाबाट श्री ५ गोर्खा सर्कारमा लेषि पठायाको नेवार षम्बाहरूको झगडा भयाको बेहोरा हाम्रा श्री ५ सरकारका हजुरमा पठाई दिनु होला भनि नाइक्या सिद्धिनारान्ले विन्ति गर्न आयो येस्कुरामा छयांदुत्र अम्बाले चह्रायाको अर्जि १ टिगरिका षाम्बाले चह्रायाको अर्जि १ नेवार नाइक्या नेवार गैह्रले चह्रायाको अर्जि १ यो ३ अर्जिको नकल उतारि पठायाको ताहां दफदरमा होला देसदेसका बेपारीहरू कोही भया पनि यकै ठानि कसैको पक्षे गर्न्याको छैन वेसगरि निसाफ गर्नु भनि चिनिजा भोट्या भारादारलाई खटायाको छ छिनिसक्यापछि लेषि पठाउला यो नाइक्याले पठायाको बेहोरामा नलागनु होला हाङफोङ ३ साल ५ मैह्रलाका ११ दिन जांदा

श्री ५ गोर्षा सर्कारबाट ल्हासाका मुंतारिन् अम्बालाई लेषि गयाको नाइक्या नेवारहरूले जउन बेहोराको अर्जि आफुहरूलाई चढायाको हो. सोहि बेहोराको अर्जि चह्राई पठायाको रहेछ. अर्जिको कुरा बुझ्दा नेवारको अध्यालि ठहर्दैन. किनभन्या असामीलाई लैगी असामीलाई गर्नु नहुन्या सास्ति गर्न्याको सुनि नेवारहरूले पैह्रले षाम्बालिलाई केहि नगरि जस्ताको तस्तो निसाफ पाउला भनि कास्यालमा विन्ति गर्न जांदा कास्यालबाट साहु असामीलाई झिकि निसाफ गरिदिनु पर्न्यामा षाम्बालि पनि हाम्रा रैयत होइनन् नेवार पनि हाम्रा रैयत होइनौ जसो गरि हुन्छ गर भनि कास्यालबाट भन्या होइन. आफुहरू छेउ विन्ति गरि आफुहरूबाट हुकुम दिया वमोजीम गर्नु पर्न्या हो तेस्तो जवाप पायापछि पनि पैह्रले नेवारहरूले हात छोड्याको रहेनछ. षवर बुझ्न पठायाका बाडालाई बन्दुकले हानि मार्न्यापछि मालिकले निसाफ नसुन्या आफ्नु मानिस मारीन्या भयापछि जाइलाग्या छन्. यस्मा नेवारहरूको अध्यालि देषिदैन नेवारहरू पछिबाट लाठो डुंगा लि जाइलाग्या छन्. षाम्बालिले बन्दुक बर्छा च्यापसा चलाई

राष्या छन् आफुहरूवाट जस्ताको तस्तो निसाफ हुन्यैछ १९१० साल आषाढ सुदि ५ रोज २

ह्लासाका मुंतारिन अम्वा टुंतारिन् अम्वावाट श्री ५ गोर्खा सर्कारमा पठायाको— नेवार महाजनको र षाम्वालिहरूको झगडाको विस्तार हामीले विचार गर्दा नेवारको अर्जिमा नेवारको सदर षाम्वालिको अर्जिमा षाम्वालिको सदर भनि रहंदा ढिलो हुन गयाको हो छयांदुवाट तेचिन वांध्यो ह्लासा आइपुग्यो भोटचाकाजि ह्लासाको चिनिया फापुनहरू सवै वसि चाडो निसाफ ढिनु भनि अन्हायाको छ आफु वाङका र भोट ह्लासाको साध सिमाना कचमचियाको छिन्याको वेहोरा भोटचा भारादार ह्लावान् गोनवुले विन्ति गरि पठाउदा हाम्रा चित्तमा वहुतै हर्ष भयो हाङफोङ ३ साल ९ महिनाका दिन १० जांदा

श्री ५ गोर्षा सर्कारवाट ह्लासाका मुंतारिन टुंतारिन् अम्वालाई लेषि गयाको वेहोरा नेवार महाजन र षाम्वालि हरूका झगडाका कुरामा जान्या पगरिहरूलाई षटाउन्या काम वढिया भयेछ । आफुहरूवाट हक निसाफ हुन्या छ भन्या हामिलाई निश्चय छ. षासा दक्षिणका सिवानामा हाम्रो र भोटको कचवच पर्‍याका कुरामा आफुहरूवाट षटाई पठायाको भोटका भारादार र आहावाट षटाई पठायाका काजि उमाकान्त उपाध्यायहरू वसि सिवानामा कचवच पर्‍याका कुरामा आपसमा सल्लाह गरि छिनियाको दुवैतिरका भारादारको सहि छाप भयाको कागज र नक्साको कागज भोटका भारादार ह्लावान गोनवुले आफुहरू छेउ जाहेर गर्न्यैछन् १९१० साल कार्तिक सुदि ६ रोज १

(क्रमशः)

ऐतिहासिक पत्र-स्तम्भ

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—
आगे मुस्यौं हाङ राइका सन्तान पाँच षपन राइ राइके हिजो हालहुलमा विराना देस भागिजान्या जोछौं हिजोको हित षुन मुडाहि पिछाहि माफ गरिवक्स्याको छ आफ्ना कुटा कोदालाले विन्हायाको षेत अपुतालि वाजि मामिलो आफ्ना आफ्ना गाउ घडेरी मकुवानि राजाले दियाको थिति आहां वस्न्या ताम्रा दाज्यू भाइकन पनि थामि दियाको छ तिमि पनि आज त्यो सरह तिमीलाई पनि थामि वक्स्यौं इतिसम्वत् १८५२ साल मिति मार्ग सिर दि ३० रोज ६ मुकाम शुभम्—

पूर्णकुमार लिङ्थेप प्र. पं. नल
नारान लिङ्थेप, वाघा वडा १-२
मावादिन गा. पं. सं. स. जी. हु
मादी कोशी अञ्चलवाट प्राप्त

छाप

स्वस्तिश्री काजी वालनरसिंह कुंवरकस्य पत्रम्—
आगे ताप्लिजुंको तोकु वस्न्या जैरुपसि राइके येथोचित उप्रान्त— ··तमा अदालतमा आइ विजुवानि र विजुवानिको भाइसंग पुर्पछे भ —यल गरि मेरो लाग नास्ति भनि मुचुल्कामा सहि हाल्याको रहेछ ·· हि वमोजिम पाडे कप्तानवाट दस्खत गरि दियाको रहेछ हा ····नि दसषत गरि तिज्युं विजुवानिको घरघडचारी वारी सुवारो — कसैले षिचला नगर झेल षेल गरी दुष दिनामा पसेउ भन्या पान्···याहा मुचुल्का लेषि गयाका रह्याछन् त्यो पनि भनँ पर्ला भा··· त् वुझाउनु पर्ला इति सम्वत् १८८७ साल श्रावन सुदि १० रोज शुभम्—

ताप्लेजुङ फुं. गा. पं. कृष्ण
बहादुर तुम्वाहाम्फेबाट प्राप्त

छाप

स्वस्तिश्री डिठ्ठा अविदल षवुक कस्य पत्रम् —
आगे तापलिजुंको दोषु वस्न्या सुवा जैगन्ज जसपाउ राइ ·—चित् उप्रान्त षोमाहांफेन्दुवाले हिजोदेषि षाइ चर्चि ··· वारि सुवारा तित्या मद भिरको लालमोहोर गरि ल्यायाका चलं गर्न दियेन भनि षोमाहांफेंदुवा आहां कराउन आया·····र यस्तै हो भन्या येस्का वावु वराज्युले षाइ चर्चि— ज गर् लालमोहोर भै आया वमोजिमका जगामा ष ··· नं पाउंदैन छोडिदेउ वीहोरा अर्को छ भन्या जोरी अ···· साल मिति सुद्ध जेष्ठ सुदि १ रोज २ शुभम्

ताप्लेजुङ फुंलिङ गा. पं. वडा
नं. ८ भेलुङ एकराते बस्ने सुब्वा
कृष्णबहादुर तुम्वाहाम्फेको
सौजन्यबाट प्राप्त

स्वस्तिश्री मद्राजकुमार कुमारात्मज श्रीजनरल षड्गवहादुर कुंवर राणा कस्य पत्रम् —

आगे मैवा षोलाको सुवा सर्वजीत समेत ७ सुवा गैंह्के जेथो चीत उप्रांत लुकुवामाथी फलाटचामनी माकमाया पर

ङरुवा वडोमा वर येती भीत्रका वन अधिदेषी पनि जगेरा निमित्त पाल्याको थियो आजकाल जत्रतत्रबाट रुष काटी षोरिया फाडी विमाष गरी दिया कम्पुपल्टं रजकंपनीका सिन्हान पुछार कुलाका मोन्हन गाइका सिन्हान पुछर पैरो लागी वस्ती उठाउनु लाग्यो यसो भया हांम्रो थिति रहेन भनी तिमीहरूले हाम्रा हजुरमा विति पार्दा जाहेर भयो अव उप्रांत लुकुवामाथी फलास्यामनी माकमायादेखि वर ङरुवावडोमा वर यति भीत्रका अवादीसुवारा वाहेक जत्रतत्रवाट चौवंदेज गरी वन रुष वास नीगाला नकाटनु कम्पुपल्टं कम्पनीका षेत सिन्हान पुछार कुलाका मुहुतका रुष नकाटनु काज विशेष चाहियो भन्या गाउल्याले चिताइ दारका सलहासंग काटनु चितादारलाइ चाहियो भने गाउल्याका सलहासंग काटनु जस्ले यो वन्देज नाघी रुष काटला षोरीया फाडला तेसलाइ अमाल्मा लगी दंड गर्नु भनी वनपाला जगेराको दसकत गरीदिनु इतिसम्वत् १९१७ साल मीति वैशाष वदी २ रोज ७ शुभम्—

देवबहादुर नेयङ मैवा खोलाको
सहयोगबाट जसबहादुर नेयङको
सौजन्यबाट प्राप्त

श्री विश्वेश्वर

स्वस्तिश्री जनरल भीमसेन थापा कस्य पत्रम्—
आगे तापलि जुंका तोकु · स्या···सि राइ व···चित् उप्रान्त विजुवानिको · सुवाइ · या छौ····वानियाहाकराधनआर तसर्थ–पनि—काजि कपतानले पनि दमगत गरि घरवारी सुवारा था · हेछ सोहि वमोजिम हामिले पनि थामि दिर्जो वाला उठाउन टंटा करार नगर एस कुराको नालिस् फेरि आयो भन्या—हरूले वुझाउनु पर्ला सो वुझी विजुवानीको घरवारी सुवा जुवानिलाई वेहोराइ देउ इति सम्वत् १८८८ साल मिति वैसाष वदि ६ रोज ३ शुभम्—

तापलेजुङ फुं.गा. पं. कृष्णबहादुर
तुम्वाहाम्फेबाट प्राप्त

साके १७६९

)) ११ [ ] ३७ ((

१७४८

कीरकान्डा पर्वतमा जाई वस्तु आजदेखि तम्रो जात किराती भयौ पछि कलिजुगमा तम्रा आसामा गौ ब्राह्मण आइ वस्ने छन् रक्षे गर्नु भनी पैला सत्ये जुगमा ६ श्री रामचन्द्र राजाले वक्सियाको दोस्रो मकवान् राजा हरूले वक्सियाको तेस्रो वीजै मोरङ राजाले वक्सियाको चौथो सुखिम राजाले छपियाको पांचौं गोरखा ५ श्रीवडा महाराजाधिराज प्रीथीनारायण साहाले वक्सियाको कीरकान्डे पर्वत भनेको पल्लो किरात १७ थुं किरात लिम्वुलाई शिलापत्र पटक पटकको लालमोहर २५ सात्रको लालमोहर समेत ठेग र १७ थुंको किराती लिम्वुले किपोट भोगाई पाई खाई आयाको किपोट स्मेत थिति पाउने हौ धर्म अउतार प्रभो जो मरजी

मैवा सांघु गाउंपञ्चायत वडा
नं ४ वस्ने टंकनाथ लिम्वुको
सौजन्यबाट प्राप्त

ABOUT THE AUTHORS

Mrs. Riddi Pradhan	– Research Officer, Department of Archaeology, H. M. G., Nepal.
Mr. Rishi Keshab Raj Regmi	– Anthropologist, Department of Archaeology, H. M. G., Nepal.
Mr. Bhupa Hari Paudel	– Research Scholar, Nepal.
Mr. Shesh Raj Shiwakoti	– Section Officer, Research Section, Supreme Court, Kathmandu, Nepal.
Mr. Shankar Man Rajvanshi	– Editor, National Archives (Department of Archaeology), H. M. G., Nepal.
Mr. Raja Ram Suvedi	– Research Scholar, Nepal.

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, नृतत्त्वशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to 'Ancient Nepal'.

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustartions (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:–

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.